# कर्णालीको समस्या र समावेशीकरण



कर्णाली अंचलभित्रका जिल्लाहरू

- हुम्ला
- जुम्ला
- कालिकोट
- मुगु
- डोल्पा

*अनुसन्धानकर्ता*

**अजयराज बम (अजराज)**

# भनाइ

नेपाल एकीकरणपश्चात् कर्णालीमाथि लादिएको दमन र शोषणको परिणाम कर्णालीले अवलम्बन गरेको स्वावलम्बी अर्थ व्यवस्थाका सम्पूर्ण पूर्वाधारहरू पूर्णतः तहस नहस भए। र, कर्णालीबासी गरिबी, अशिक्षा अभाव एवं भोकमरीको पर्याबाची हुन विवश भए त्यसैको परिणाम एक्काइसौ शताब्दिमा समेत कर्णालीबासीले अन्न र औषधिको अभावमा मृत्युवरण गर्नुपर्ने बाध्यता भोगिरहेका छन्। यसको प्रमुख कारण राज्यले कर्णालीप्रति गरेको उपेक्षा र कर्णालीबासीको नीति निमार्ण र राज्य सञ्चालनमा प्रतिनिधित्व नहुनु नै हो।

अहिले कर्णाली अञ्चल अशिक्षा, गरिबी, पछौटेपन, अभावजस्ता समस्याहरू भएको क्षेत्रका रूपमा परिचित बन्न पुगेको छ। यद्यपि, यस अञ्चलमा विकासका प्रचुर सम्भावना भने नभएका होइनन्। जैविक विविधता, जलश्रोत, जडीबुटीको विशाल भण्डार, फलफूल र पशुपालनको प्रचुर सम्भावना, धार्मिक र वातावरणीय पर्यटनको लागि अत्यन्त महत्वपूर्ण स्थानहरू छन्। कर्णाली अञ्चलको विकासले कर्णालीवासीलाई फाइदा पुऱ्याउँछ नै, साथै यसले देशकै अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउने निश्चित छ। तर सरकारले यसमा खासै चासो देखाएको पाइएको छैन।

यिनै समस्यालाई देखाएर "कर्णालीको समस्या र समावेशीकरण" नामक यो अध्ययन प्रतिवेदन बहसका लागि पाठक समक्ष प्रस्तुत गर्ने जमर्को गरको छु। यसमा प्रस्तुत विषय वस्तुहरूमा विस्तृत व्याख्या र विश्लेषणको आवश्यकता महसुस हुँदा हुँदै पनि समयको अभावको कारणले यसपटक सम्भव हुन सकेन। अर्को पटक विभिन्न पाठक महानुभवहरूबाट प्राप्त हुने सुझाव समेत समावेश गरी थप व्याख्या र विश्लेषणसहित अर्को संस्करणमा पूर्णता दिने प्रयास गर्ने छु। अव बन्ने नँया नेपालमा नेपाल सरकारले कर्णालीका विभित समस्याहरूलाई विशेष स्थान दिने छ भन्नेमा आशा एवं विश्वास लिएको छु।

सर्वप्रथम यो अध्ययन प्रतिवेदन लेखनका लागि सहयोग गरिदिने र कर्णालीको समस्याहरूलाई थोरै भए पनि वहसमा ल्याइदिने फ्रिडम फोरमका साथै पत्रकारितामा लामो समयदेखि कर्णालीका जिल्लामा गई स्थलगत भ्रमण गरि नजिकबाट समस्यालाई बुझेर यो अध्ययन गर्न प्रेरणा दिने आदणीय दाजु तारानाथ दाहाल ज्यूलाई आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु।

अध्ययन, मनन, चिन्तन र लेखनका लागि सदा प्रोत्साहित र प्रेरित गर्ने आदणीय पत्रकार दाई रामप्रसाद दाहाल र यस प्रतिवेदनलाई यो रूपसम्म ल्याई पुऱ्याउने कलेन्द्र सेजुवाललाई प्रोत्साहन र प्रेरणाका लागि स्नेहपूर्ण धन्यबाद।

नेपाल बान टेलिभिजन जान जहिले पनि हतार हतार गर्दै अजय जी गित सुनेर लेख्नु होस् लेख्न मन लाग्छ भन्दै आफ्नो लामो इतिहास बोकेको हार्वोनियको कि हरूमा हात राख्दै कुम्ती मुक्तानले गाउनुभएको "*हुम्ला जुम्ला मोटरमा कहिले पुग्ने हो*" गित गाउँदै झन लेख्न हौसला प्रदान गर्ने मेरा आत्मीय मित्र क्यामरा प्रमुख विष्णु कल्पित लाई र अत्यन्त सहयोगी भूमिका निर्वाह गर्ने प्रतिष्ठा जोशी लगायत थुप्रै मित्र- शुभेच्छुकहरू धन्यवादका पात्र हुनहुन्छ।

अजयराज बम

# विषयसूची


- पृष्ठभूमि
- कर्णालीको इतिहास
- कर्णाली गरिब हैन, अविकसित:
- परनिर्भरता
- अस्तव्यस्त शिक्षा
- सबैको प्राथमिकता कर्णाली राजमार्ग ?
- माओवादी बाधक
- कर्णालीको विकासमा गैरसरकारी संस्था
- काम ठग प्रवृत्ति
- राजनीतिक नेतृत्व अवसरवादी
- कर्णालीमा मिडिया
- कर्णालीको पीडा र मुक्ति
- गरीबी हाईन, रोजगारी
- समावेशीकरणमा कर्णाली
- निर्ष्कष



# पृष्ठभूमि

खस सभ्यताको मूलभूमी कर्णाली भद्र प्रदेश हो। खस साम्राज्य ई.स. १३३७ को पुण्यमल्लको कनकपत्रमा फारसदेखि चीन र श्रीलंकादेखि जावासुमात्रासम्मका राज्यहरूबाट कर लिने गरेको उल्लेख छ। कर्णाली नदी पृथ्वीको केन्द्र मेरू वा सुमेरू अर्थात् कैलाश पर्वतका दक्षिणमा रहेका मानसरोवर तथा लंकारी दह क्षेत्रबाट उत्पन्न भएको छ। भनिन्छ, कैलाश मानव जातिको उत्पत्ति भएको क्षेत्र हो। विश्वको छानो मानिने भोटको पनि छानोमा पर्ने पर्वतहरूको राजा कैलाश सबभन्दा पवित्र पर्वत पनि हो। मुसलमानहरूका लागि मक्कामदिना जस्तै बोन, हिन्दु, बौद्ध, जैन आदिका लागि यो भूमि पवित्र छ। कैलाश मानव खण्डबाट सुरू भएका चार पवित्र नदीहरू सतलज, सिन्धु, बह्रम पुत्र र कर्णाली हुन्। कर्णाली नदीको प्राचीन संस्कृत नाम सिन्धु नदी हो।

कर्णाली नदी सिन्धुघाँटी सभ्यताको समेत स्रोत मान्न सकिन्छ। किनकी सिन्धु भएर सनातन हुँदै हिन्दु सभ्यताको सुरूवात गरिएको कैलाश पुराणमा व्याख्या गरिएको पाइन्छ। वि.स. १८४६ मा गोर्खालीहरूले कब्जा गर्नुअघि जुम्ला साम्राज्यका मातहतमा मुस्ताङदेखि गढवालसम्मका ५० औं राज्यहरू थिए। “बद्रिनाथ जयते, मुक्तिनाथ सहाय” लेखिएको पाइन्छ र १८४६ मा जुम्ला कब्जा गरेपछि त्यहाबाट मुस्ताङलाई गोर्खा अधीनस्त भएको पत्र लेखेकोले पनि यो कुरा पुष्टी हुन्छ। नेपालमा रहेको महाकालीदेखि मुस्ताङसम्मको क्षेत्र अर्थात् सतलदेखि गण्डकीसम्मको क्षेत्र केन्द्रीय खसान -कर्णाली) हो। भाषा, धर्म, संस्कृति, रीतिरिवाज र घरहरूको बनोट एवं परम्परागत गहना र बस्तुहबाट पनि यो एउटा महत्वपूर्ण सभ्यताअन्तर्गत रहेको खस राज्य हो। वि.स. १८१५ मा अंग्रेजको प्रवेशले कर्णाली क्षेत्रलाई टुक्रा टुक्रा पारिएको छ। वास्तवमा कर्णाली क्षेत्र कैलाशदेखि आयोध्यासम्म हो। तर यी क्षेत्र पछि विशाल मुलुक चीन र भारतमा गाभिए। तलको तीर्थ स्थल काशी र माथिको कैलाश तीर्थस्थलको रूपमा त्यहाँका जनताले लिएका छन्। आज ती ठाँउ कर्णालीका लागि पराधीन भएका छन्।

कर्णाली अञ्चलमा जुम्ला, मुगु, हुम्ला, डोल्पा, र कालिकोट जिल्ला पर्छन्। यस अञ्चल को क्षेत्रफल २१,३५१ वर्ग किलोमिटर छ। १४ दशमलव ५ जनघनत्व प्रतिवर्गकिलोमिटर रहेको छ। यस अञ्चलमा पाइने विभिन्न जात र जातीयताको आधारलाई हेर्दा जुल्लामा बाहुन, छेत्री, ठकुरी, मतवाली क्षेत्री, दमाई र कामीहरूको बस्ती छ। हुम्ला र कालिकोट जिल्लामा शाही ठकुरीहरूको बसोबास अत्यधिक मात्रामा पाइन्छ। यसैगरी मुगु जिल्लामा मल्ल, शाही र शाहा ठकुरी, भोटे जाड (तामाङ) का साथै भाम र अन्य जातका क्षेत्रीहरू बढी पाइन्छन्। डोल्पा जिल्लामा बाहुन, शाही ठकुरी, विभिन्न थरका क्षेत्री तथा मतवालीहरूमा लामा, बुढा, महतारा र खाम्माहरूको संख्या बढी देखिन्छ। यस अञ्चलमा बसोबास गर्ने विभिन्न जात- जातिमा हालसम्म बाहुन ३५, ठकुरी १४, तागाधारी क्षेत्री ८३, मतवाली (मदमुखी) क्षेत्री ११, गृहस्थी सन्यासी ५, नेवार ३, मदमुखी (तामाङ) १६, कामी र सार्की १६ तथा दमाई १२ किसिमका पाइएका छन्। न्यौपाने थरका बाहुनका पनि विभिन्न आफ्ना जाति छन्। यिनीहरूकै संख्या बढी छ भने ठकुरीहरूमा शाही ठकुरी नै अत्यधिक छन्। कर्णालीको जनसंख्या तीन लाख ९ हजार ८४ (कूल जनसंख्या ३०९०८४, ती मध्ये महिला, १लाख५२ हजार १ सय र पुरूष १लाख ५६ हजार ९ सय ८४) रहेको छ। यहाँको साक्षरता प्रतिशत ३१ दशमलव ३ प्रतिशत छ कूल साक्षरता प्रतिशत मध्ये महिलाको १५ दशमलव १ प्रतिशत र पुरूषको ४७ दशमलव ५ प्रतिशत रहेको छ। कर्णाली अंचलको कूल जनसंख्यामध्ये ८४ दशमलव ६६ प्रतिशत कृषिमा आधारित छन्। १५ दशमलव ३४ गैर कृषिमा आधारित छन्।

कर्णालीलाई नेपालभित्रको भूभाग भए पनि नेपालको अर्कै औपनिवेसिक क्षेत्रका रूपमा विगत देखि गरिदै आएका छन्।_एकात्मक संरचनामा नेपाल सरकारलाई यहाँका बासिन्दाले केन्द्रिय सरकार भन्नु पनि यसको पुष्ट्याइँ हो। कर्णाली भूभागभित्र बस्ने सम्पूर्ण जात, जाति, भौगोलिक दलित जो हुन् विकासको अधिकारबाट बञ्चित छन्। यसैले हाल राष्ट्रिय तहमा महिला, जनजाति र दलित समुदायका लागि आरक्षणउन्मुख समावेशीकरणको अवधारणाबाट मात्र सोचिनु हुँदैन र यो यस क्षेत्रका मानिसलाई न्यायसँगत पनि हुँदैन।

# कर्णालीको इतिहास

वि.स. १००० मा चल्ल र मल्ल राजाहरूले राज्य गरेको कर्णाली प्रदेशले अहिलेभन्दा विशाल भूभाग ओगटेको थियो । त्यस बेलाका शासकहरूले भारतको गढवाल, कुमाउ, तिब्बतको दक्षिण पश्चिम भूभागदेखि गण्डक क्षेत्रसम्म आफ्नो अधिपत्य जमाएका थिए । कर्णाली प्रदेशका राजाहरूले नुवाकोट राज्य कब्जा गरी काठमाडौं उपत्यकासमेत आक्रमण गरेका थिए । उनीहरू शक्तिशाली थिए ।

शासन सत्ता संचालनका दृष्टिबाट कर्णाली प्रदेशका सबभन्दा पुरानो राजा नागराज मानिन्छन् । नागराजलाई तिब्वतका एउटा प्रदेशका शासकका रूपमा पनि उल्लेख गरेको पाइन्छ । दुल्लुको किर्ती स्तम्भले पनि उनलाई तिब्बतको खारी प्रदेशबाट आएको बताएको छ । इतिहासमा उनलाई प्रतापी र विजेता मानिएको छ । उनको शासन कालामा धेरै सुधारका काम भएका थिए । गढवाल बाराहाटको एउटा मूर्तीमा तिब्बती भाषा र लिपिमा भट्टारक नागराज मुनिको (कृति) भनेर लेखिएको फेला पारिएको छ। त्यस अभिलेखको आधारमा उनी तिब्बतबाट आएका बौद्ध धर्मावलम्बी भएका र अभिलेखमा पनि बुद्धमूर्ति अंकित गरिएकाले उनी बौद्ध धर्माबलम्बी भएको प्रस्ट हुन्छ ।

कर्णाली राज्यका राजाहरूमध्ये जितारी मल्ल र रिपु मल्लको नाम नेपालको इतिहासमा धेरै ठाउँमा उल्लेख छ । जितारी मल्लले तीन पटक काठमाडौं उपत्यका आक्रमण गरेका थिए । रिपु मल्ल विद्धान पनि थिए । बुद्ध धर्म राज्य धर्म भएको कर्णालीको समाज जातिपातिको भेदभाव थिएन, तर अहिले नेपालको इतिहासमा कर्णाली प्रदेशको ठूलो शक्ति आर्जन गरेको खस मल्ल साम्राज्यको पतन भएपछि त्यस क्षेत्रमा मध्यकालीन सभ्यताको थालनी भएको थियो ।

कर्णाली प्रदेशको क्षेत्र राप्ती नदीदेखि कुमाउँको चम्पावतसम्मलाई जनाउँछ । यसको बलियो आधार बाइसी राज्यको विस्तार कुमाउँसम्म फैलिएकोले दिन्छ । आजकाल कर्णाली प्रदेश भन्नाले प्यूठान राप्ती नदीदेखी पश्चिम र महाकाली नदीदेखि पूर्वतर्फको भूभागलाई जनाउँछ, जसलाई मध्यकालमा बाइसी क्षेत्रका नामले चिनिन्थ्यो । बाइसी नामकरणका कारणहरू विवेचना गर्दा विद्धानहरूका परिभाषा नै फरक पाइन्छन् । कुनै निश्चित समय अवधिमा राप्ती नदी पश्चिम चम्पावतपूर्वतर्फको भूभागमा ससाना गरी बाइसबटा स्वतन्त्र राज्यहरू थिए । ती राज्यहरू कुनकुन थिए भनी स्पष्ट खाका दिन कठिन पर्दछ । तापनि तिनीहरूको सामूहिक चिनारी गर्ने नाउँ बाइसी नै रहन गयो । तर कुनै समयमा बाइसका सङ्ख्यामा रहेका कर्णाली प्रदेशका राज्यहरू क्रमशः टुक्रिदै गएर ३९ वटासम्म पुगेका थिए । त्यसरी बढेका राज्य घट्दै गएर १८ वटा मात्र पनि बाँकी रहेका थिए । तर ती राज्यको संख्या बढ्दै गएर संख्या धेरै होस् वा घट्तै गएर बाइसभन्दा कम होस्, ती राज्यको सामूहिक चिनारी अटल रह्यो, कुनै परिवर्तन भएको पाइँदैन । विभिन्न राजनीतिक इकाइ र केन्द्रका आधारमा बाइसी राज्यले निश्चित संख्याको निर्देशन र संकेत गर्दछ जसको अर्थ त्यही संख्याकै आधारबाट रहेको होला त ?

मल्लकालमा छोरीलाई हेर्ने दृष्टिकोण समेत धेरै समान रहेको राजा मलैबम्मले जुम्ला राज्य आफ्नी छोरी मालादेवीलाई अंश लगाई दिएकोले पुष्टि गर्छ । ती मालादेवीको विवाह बलिराज नामक व्यक्तिसँग भएको थियो । त्यही आधारबाट बलिराजले जुम्लाको टीको फुर्को पाएका थिए । त्यसरी पाएको राज्यभित्र एघार पर्वत र एघार खोला हुनाले एक पर्वतका दुई पाखाका दरले बाइस पाखा हुने भए । सो बाइस पाखाबाट प्रभावित कर्णाली प्रदेशलाई बाइसी

राज्य नाम दिइएको हुन सक्छ  भन्ने तर्क पनि विद्वान गर्छन् । यो तर्क पनि असत्य हो भन्न सकिने स्थिति छैन । त्यस्तै अर्को आधार छ जुम्लाको कूल आवादी बाइस हजार वा जुम्लाभित्र बाइस हजार घर हुनाले त्यो शक्ति पूर्ण जुम्लालाई बर्सेनी सिर्तो वा उपहारहरू चढाउने राज्यको समुहलाई जनाउने शब्दका रूपमा बाइसी बनेको हुन सक्ने छ । त्यसमा के छ भने कर्णाली प्रदेशका धेरैजसो मध्यकालका भुरे राज्यहरूलाई बर्सेनी आफ्ना राज्यमा उत्पादन हुने वस्तुहरू लगेर सिर्तोस्वरूप उपहार, सौगात भनेर चढाउने चलन थियो । बाइसी नामकरणका विषयमा एक लेखकले खस मल्ल राजाहरूको पतनपछि सोही क्षेत्रमा बनेका बाइस थर भनिएको र पछि बाइसथर भन्नुभन्दा बाइसी भन्न जिब्रोलाई सहज हुने भएकोले बाइसी नामले कर्णाली प्रदेशलाई नै चिनाएको लेखेका छन् । सो क्षेत्र खसान रहेको पनि प्रकाशमा ल्याएका छन् ।



# कर्णाली गरीब हैन, अविकसित

कर्णालीमा पर्याप्त प्राकृतिक स्रोत छ। तर जनता सम्पन्न छैनन्। कतिपय अवस्थामा जनतालाई सम्पन्नताको अर्थ पनि थाहा छैन ।

यस प्रदेशमा पर्ने मुगु, हुम्ला, डोल्पा, विश्वमै अति सुन्दर स्थल मानिन्छन्। यहाँ वार्षिक लाखौ पर्यटकहरू आउन सक्छन्। इरिक भ्यालीले त्यही फोकसुन्डो, शे गोम्बा र डोल्पाको सेरोफेरोमा क्याराभान विश्व प्रसिद्ध चलचित्र बनाइसकेको छन्। फोक्सुन्डो, शे गोम्बाको भिरालोमा विश्वप्रसिद्ध जीव विज्ञ जर्ज शेलर नाउरको प्रजनन् विषयको अध्ययन गर्न आए। उनीसँग आएको विश्वप्रशिद्ध उपन्यासकार पीटर भ्याथीसनले हिमचितुवाकै बारे प्रसिद्ध उपन्यास लेखेका छन्। त्यसैले कर्णाली साँग्रीला हो, स्वर्ग हो भन्न दहकस मान्नु पर्दैन। कालिकोटको रासकोटमा मलय बमले बनाएको उच्च पहाडी सिँचाइ राजकूलो र ठूलो दानाको रातो चामल फल्ने खेतहरू विश्वकै अचम्मको कृषि विकासका नमूना हुन्। विश्वको सबैभन्दा उच्च भू-भागमा धानको खेती गरिने कर्णाली नै हो। त्यसैले कर्णाली कसरी गरीब हुन सक्छ ?

कर्णालीको सम्पदाका कारण त्यहाँ खस साम्राज्य र खस सभ्यता विकास भए। तर बाइसे राज्य व्यवस्था ठकुरी शासन हिन्दु वर्णाश्रम लादेर दलितप्रति शोषण दमनले ती गौरबमय साम्राज्य तहसनहस भए। ठकुरी शासनको सामन्ती चलनको क्रुरतम पराकाष्ठा मात्र बाँकी रहन गयो ।
कर्णालीमा रहेको प्राकृतिक सम्पादाले नेपाललाई उज्यालो बनाउन सक्छ किनकी कर्णाली जल प्रवाहमा धनी छ, यहाँको हावापानी र जमीनमा स्याउ, फूल, जडिवुटी यथेष्ट उत्पादन हुन्छ। यहाँ भेडा र याक पाल्न राम्रो जमीन र हावापानी छ। कर्णालीका पाँच जिल्लामा जम्मा तीन लाख मान्छे छन्। ती तीन लाख मान्छेमा यी सम्पदाको दामासाही हिसाब गर्दा कर्णालीबासी नेपालका सबैभन्दा धनी मानिस हुन्, तर कर्णालीबासीले आफुलाई गरिब भन्छन्। कर्णाली आधुनिक विकासमा पछि पर्न गयो ।

कुनै बेला राणा शासकहरूको भान्सामा जुम्ली मार्सी चामलको सुगन्ध फैलिने गर्दथ्यो। तर पञ्चायत राजनीतिको सन्तुलन मिलाउन सरकारले हवाइजहाज चढाएर पठाएको विकासे

चामल खाने बानी परेपछि कर्णालीबासी त्यसैमा रमाउन थाले । कृषि पेशाको विकास रोकियो र खेती ओरालो लाग्न थाल्यो । हेर्दाहेर्दै कर्णाली आफ्नै देश भित्रको उपनिबेश वन्यो ।

कर्णालीमा अथाह स्रोत हुँदा हुँदै कहिले त्यसको महत्व चिनिएन भने केही चिन्नेहरूले त्यसको दुरूपयोग गरे । वि.स. १९०१ देखि केन्द्रीकृत सरकारी व्यवहारले कर्णालीवासी परजीवी वनेका छन् । तर प्रजातन्त्रको पुरर्स्थापनापछि कर्णालीको चिसिएर गुम्सिएको हावामा स्वतन्त्रताको स्वच्छ हावाको मिसावट हुन थालेको छ ।

कर्णाली क्षेत्रको केन्द्र वनाएर राजनीति गर्नेहरू निकै उक्सिएका छन् । यहाँको प्राकृतिक स्रोतको महत्व स्थानीय वासिन्दालाई त्यति थाहा छैन । सामान्य मानिसले जडीवुटीको पहिचान पनि गर्न सक्दैनन् । कुन अमुल्य हो, कुन वहुमुल्य ? गाउँ रूगेर वस्नेहरूलाई त्यसको पहिचान हुन नसक्ने अस्वाभाविक पनि होइन ।

कतिपय विषयमा कर्णाली वदनाम पनि छ । तर यो वदनामी कर्णालीका सामान्य जनताले कमाएका होइनन् । कर्णालीको नाममा नेपालगन्जबाट छापा निस्किन्छ । तर छापामा कर्णालीको होइन, राष्ट्रिय राजनीतिको वढी चर्चा हुने गर्दछ । कर्णालीका नाममा सेवा गर्ने समाजसेवीहरू नभएका पनि होइनन् तर, तिनीहरू कर्णालीका सेवा गर्दैनन् । सवै त्यस्ता पक्कै छैनन् । तर कर्णाली नदीको पानी प्रदुषित तुल्याउन एउटै कुहिएको माछा पर्याप्त हुन्छ ।

कर्णालीका नगण्य सन्तानहरूमा मात्र आफूसँग भएका दुर्लभ विशिष्टताहरू बारे तर्कपूर्ण, शिष्ट र शालीनतापूर्वक सार्वजनिक रूपमा प्रस्तुत गर्न सक्ने योग्यता, क्षमता, धैर्य र गाम्भीर्य पाइन्छ । कर्णालीको वस्तीमा वा कुनै गाउँमा पुग्ने बाटा घाटामा हिँड्ने वटुवालाई खाना खानु भएको छ वा छैन, कताबाट आउनु भयो भन्दै स्वागत गर्ने गर्दथे । यो चलनबाट हुर्कीएको कर्णाली यो समाजमा आज भोलि नयाँ मान्छेको अनुहार हेर्न पनि डराउँछन् ।

कर्णालीका अधिकांश छोराछोरीमा कि वोल्दै नबोल्ने, मौन बस्ने या संयम र धैर्यको सीमान्तिक्रमण गरेर तर्क गर्ने आफ्नो ठाउँको कुरा राख्ने बानी छ । कर्णाली प्रदेशका मूल तथा खाँटी अन्तर्विरोधहरू कर्णालीबारे आफुलाई मात्र अवगत छ, गैर कर्णालीका नेपालीलाई थाहा छैन भन्ने एउटा लघुताभाष छ कर्णालीका थुप्रै सन्तानमा । यद्यपि, यो सम्पूर्ण सत्य होइन । कर्णालीको अन्तर्वेदना, राज्यबाट गर्ने गरिएको भेदभाव, पक्षपात, असमान व्यवहार, अन्याय र देखावटी माया बारे थाहा छ । त्यस्ताहरूलाई आफ्नो बनाउने सीप र कला विकास गर्नु जरूरी छ । कर्णालीबाट खासै लाभ लिन नखोज्ने र लाभ लिनका लागि मात्र आफूलाई कर्णालीको पक्षमा उभ्याउनेहरू छुट्याउन भने सक्नै पर्छ । अन्तर्मनको लघुताभाषाका कारण निःसृत हुने उच्चता भाषाले वस्तुतः कर्णालीलाई अग्लो पार्दैन । प्रत्युता होचो पार्छ, वस्तुतथ्य आत्मासात नगरी पनि हुँदैन, तर सरल र सहज ढङ्गबाट सकार्न पनि मुश्किल छ ।

प्रजातन्त्र पुर्स्थापनापछिका सरकारहरूले मात्रै पनि कर्णालीबासीलाई स्थानीय कृषि, फलफूल र प्राकृतिक स्रोतको विकासमा गम्भीरतापूर्वक संलग्न गराउन सकेको भए हिमाली क्षेत्रको सवभन्दा उँचो भूमिमा फलेको धान अहिले देश विदेशमा लोकप्रिय हुन सक्दथ्यो । स्वादिलो स्याउ र दुर्लभ जडिबुटिको प्रचुरताले कर्णाली साँच्चै नमुना ठाउँ बन्न सक्ने थियो, तर त्यसो हुन सकेन । अहिले कर्णालीबासी आफैले यो कुरा बुझ्न र अनुभूत गर्न थालेका छन् । मागेर केही हुँदैन । उनीहरू कतिबेला जहाज आउला, चामल ओराल्ला र खाउँला भन्ने मानसिकता त्याग्दैछन् । स्थानीय जनताको जाँगर नजगाए सम्म, विकासका लागि सहकार्य नगरेसम्म ओसारेको विकासले जनताका आकांक्षाहरू धान्न सक्दैन भन्ने बुझ्न थालेका छन् । यही नै हो प्रजातन्त्रको उपलव्धी ।



परनिर्भरता

'कर्णालीमा खाद्यान्न संकट' प्रायः प्रत्येक वर्ष नेपाली छापा तथा विद्युतीय सञ्चार माध्यममा समाचारका शीर्षक बन्छन्। द्वन्द्वका कारण गाउँ मानवविहीन हुँदासमेत कर्णालीमा 'खाद्यान्न अभाव' समस्या बनी नै रह्यो। कर्णाली सदियौंदेखि यही अवस्थाको सिकार भइरहेको छ। यद्यपि, नेपालको कूल भूगोलको करिब साढे १४ प्रतिशत जमिन कर्णालीले अगोटेको छ। यहाँ खाद्यान्नमा आत्मनिर्भर हुन नसक्नुको कारण के हो खोजको विषय बनेको छ।

नेपाल खाद्य संस्थान शाखा कार्यालय सुर्खेतका अनुसार कर्णालीमा वार्षिक २९ हजार टन खाद्यान्न आवश्यक पर्छ,। स्थानीय स्तरमा बार्षिक पाँच हजार टनमात्र खाद्यान्न उत्पादन हुन्छ। यस अवस्थालाई दृष्टिगत गर्दा कर्णालीबासीले बार्षिक करिब २४ हजार टन अन्न बेसाहा गर्नुपर्छ। छमेकी जिल्ला र सरकारले खाद्यान्न नदिने हो भने कर्णालीबासीले भोकभोकै मर्नुपर्ने हुन्छ। हुनतः कर्णालीका ८० प्रतिशतभन्दा धेरै जनता कृषिमा आधारित छन्।

कालिकोट जिल्ला विकास समितिका पूर्व उपसभापति एवं नेकपा एमाले जिल्ला कमिटी सचिव तुलाराज विष्ट भन्छन्-'कर्णालीमा खाद्यान्न अभाव भएको होइन, गराइएको हो।' उनको भनाइ छ- 'सरकारले कर्णालीमा बैज्ञानिक कृषि प्रणाली र सिँचाइको व्यवस्था गर्ने हो भने त्यहाँको उत्पादनले बाँकी नेपालमा खाद्यान्न आपूर्ति गर्न सक्छ।'

कर्णालीका पाँचवटै जिल्लाको जनसंख्या करीव तीन लाख २५ हजार छ । यो जनसंख्या नेपालको कूल जनसंख्याको एक दशमलव २४ प्रतिशत मात्र हो। भौगोलिक हिसावले हेर्दा नेपालको कूल क्षेत्रफलको १५ प्रतिशत भूगाग कर्णालीले ओगटेको छ। यदि कर्णालीको खेतीयोग्य जमिनमा सरकारले सिँचाइको व्यवस्था गरिदिने हो भने कर्णालीबासीलाई पेटभरी खाना खानको लागि अर्काको मुख ताक्नु नपर्ने विष्ट वताउँछन्।

## सरकारी प्रयास : हात्तिको मुखमा जिरा

सरकारले कर्णालीमा खाद्यान्न समस्याको स्थायी समाधान गर्ने उपाय अवलम्बन गर्न सकेको देखिदैन। बरू सदरमुकाम र केही डिपोहरूमा चामल खसालेर भोका पेटलाई थमथमाउने

प्रयास गरेको छ । सरकारको ढुवानी अनुदानमा नेपाल खाद्य संस्थानमार्फत् कर्णालीमा पुर्याइने चामल पनि सदरमुकाममा बस्ने कर्मचारी, ठूलाबडा र व्यापारीको मुखमा मात्र पर्दै आएको छ । भोकले आहात जनताले न त चामल किन्ने हैसियत राख्छन् न चामलको गेडा नै देख्न पाउँछन् । नेपाल खाद्य संस्थान शाखा कार्यालय सुर्खेतको तथ्यांक अनुसार कर्णालीका पाँचवटै जिल्लामा बार्षिक करिब चार हजार टन चामल निर्यात हुने गरेको छ । स्थानीय उत्पादन समेत जोड्दा त्यहाँ वार्षिक झण्डै २४ हजार टन खाद्यान्न अपुग हुन्छ । संस्थानका शाखा प्रवन्धक खड्कबहादुर खड्का भन्छन्-'कर्णालीको भोक सरकार एग्लैले मेटाउन सक्दैन, गैरसरकारी क्षेत्रबाट समेत पहल हुन पर्यो ।'

हुन पनि सरकारले चामलको ढुवानी अनुदान बापत बार्षिक करिब १४ करोड रूपैयाँ खर्च गर्छ । माग अनुसारको चामल पठाउने हो भने ढुवानी अनुदान वापतमात्र ८४ करोड रूपैयाँ सरकारले छुट्याउनु पर्दछ । आश्चर्य त के छ भने कर्णालीमा पुग्ने चामलको मूल्यभन्दा ढुवानी खर्च दुइ गुना बढी छ ।

कर्णालीमा गएको चामल


| जिल्ला | २०६२/०६३ | २०६३ साउन १ देखि मंसिर २० सम्म |
|---|---|---|
| जुम्ला | ११,४०० | ३,५२४ |
| हुम्ला | ८,०२९ | २,२२४ |
| मुगु | ६,४४७ | ३,२१४ |
| डोल्पा | ८,५०० | ३,५२० |
| कालिकोट | ७,११२ | ३,२९६ |
| **जम्मा** | ४१,४८८ | १५,७७८ |

***स्रोत:नेपाल खाद्य संस्थान शाखा कार्यालय, सुर्खेत***

## खाद्य डिपो नहुँदा

सदरमुकाम बाहिरका जनतालाई खाद्यान्न पुर्याउन खोलिएका अधिकांश खाद्य डिपोहरू माओवादी जनयुद्धका क्रममा बन्द भए । त्यसपछि सरकारले ढुवानी अनुदानमा दिने गरेको चामल पनि सर्वसाधारणको पेटमा परेको छैन । डोल्पामा चार, कालिकोट र मुगुमा तीन/तीन तथा हुम्ला र जुम्लामा दुई/दई वटा खाद्यान्न डिपोहरू खोलिएका थिए । २०५६ सालदेखि ती डिपोहरू बन्द छन् । सर्वसाधारण जनताको नाममा सरकारले हेलिकप्टरबाट महंगो ढुवानी खर्च गरी सरमुकामसम्म चामल पुर्यायो तर त्यो चामल गाउँका जनताको घरसम्म पुग्न पाएन । बरू ग्रामीण क्षेत्रका जनता एक किलो चामल लिन दिनभरिको यात्रा गर्नुपर्ने बाध्यता आइलाग्यो । सदरमुकाम बस्ने टाठाबाठाहरूले भने त्यसलाई रक्सी बनाएरसम्म बेचे । मुगु गमगढीका स्थानीयबासी जयप्रकाश मल्लको सोधाई छ -'गाउँमा भोकमरीले मान्छे मर्छन्, तर सदरमुकाममा चामल कुहाएर रक्सी बनाइन्छ, अनि कसरी हुन्छ समस्याको सामाधान ?'

२०५६ यता कर्णालीका १४ वटै डिपोमा चामलको गेडो खसेको छैन । सबै डिपोको चामल सदरमुकामस्थित खाद्य संस्थानमा झर्छ । संस्थानका कर्मचारीअनुसार खाद्य संस्थानमा झरेको कूल चामलको करिब ८० प्रतिशत चामल सदरमुकाममै सिद्धिन्छ, । तर कर्णालीका सबै जिल्ला सदरमुकामहरू गाउँ विकास समितिको एउटा वडामा सीमित छन् । यस तथ्यलाई मनन गर्ने हो भने सिंगो जिल्लाको लागि अनुदानमा गएको खाद्यान्न एउटा वडामा बस्ने मान्छेले मात्र उपभोग गर्न पाएका छन् । सयौ वर्षदेखि भोकमरीको चपेटामा परेको कर्णालीको लागि योभन्दा ठूलो विडम्वना के होला र ?



## अस्तव्यस्त शिक्षा

सरकारले कर्णालीमा शिक्षाका नाममा वार्षिक करीव ५० करोड लगानी गर्छ। देशका अन्य क्षेत्रको तुलनामा शिक्षक दरवन्दी पनि धेरै छ। शैक्षिक सत्र २०६२/०६३ सम्म पाँचवटै जिल्लामा शिक्षक दरवन्दी दुई हजार आठ सय ८३ छ। यस हिसावले करीव ७५ हजार विद्यार्थी पढ्ने कर्णालीमा एक शिक्षक बराबर २३ जना विद्यार्थी पर्छन् । तर शिक्षक विद्यार्थीको राष्ट्रिय अनुपात ५८ छ। यदि यसो हो भने कर्णालीको शिक्षाको विकास किन हुन सकेन त ? यस विषयमा नीति निर्माताको ध्यान गएको देखिदैन। ज्ञानोदय माध्यामिक विद्यालय राम्नाकोट कालिकोटका प्रधानाध्यापक रामप्रसाद चौलागाई भन्छन्- 'रूपियाँको खोलो बगाउँदैमा शिक्षाको स्तर वृद्धि हुन्छ भन्नु गलत हो। त्यसको लागि त समयानुकूल शिक्षकलाई तालिमको व्यवस्था, निरीक्षण तथा अनुगमनका प्रक्रियालाई कडाइका साथ लागू गर्नुपर्दछ।'

प्रधानाध्यापक चौलागाईको भनाईलाई त्यहाँका कति शिक्षकले तालिम लिएका छन् भन्ने विवरण खोतल्दा पुष्टि हुन्छ। मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय सुर्खेतद्धारा प्रकाशित शैक्षिक झलक २०६२ काअनुसार कर्णालीका कूल शिक्षकमध्ये ४१ प्रतिशतमात्र तालिमप्राप्त छन्। बाँकी शिक्षकहरू घोकन्ते विद्या आर्जन गरेकै आधारमा पढाइरहेका छन्। क्षेत्रीय शिक्षा निर्देशक दामोदर गौली भन्छन्, 'कर्णालीको शिक्षाको पंमुख समस्या भनेकै तालिम अप्राप्त शिक्षक, शिक्षक तथा अभिभावकद्धारा हेलचेक्र्याइ र राजनीति प्रमुख हुन्।'

एसएलसी परीक्षाको विगत तीन वर्षको नतिजाले पनि यस क्षेत्रको शैक्षिक अवस्थालाई औल्याउन सघाउ पुर्‍याउँछ । २०५९ सालको एसएलसी परीक्षामा कालिकोट जिल्लाबाट दुई दशमलव आठ प्रतिशत परीक्षार्थी पास भए। त्यतिबेलाको एसएलसी परीक्षाको राष्ट्रिय उतीर्ण दर करीव ३८ प्रतिशत थियो।



परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरअनुसार सिंगो कर्णाली अञ्चलले भने आठ दशमलव ६६ प्रतिशत नतिजा हाँसिल गरेको थियो। २०६० मा २१ दशमलव सात प्रतिशत र २०६१ मा १८ दशमलव ३२ प्रतिशत विद्यार्थी विद्यालय शिक्षाको खुड्किलो चढ्न सफल भएका थिए। तर शैक्षिक सत्र २०६२ मा उही कक्षा दोहोर्‍याउने विद्यार्थी १३ प्रतिशत पुगेको तथ्याक पाइन्छ। यस हिसाबले राज्यले कर्णालीमा शिक्षाको विकासको लागि जेजति प्रयास अथवा लगानी गरेको छ त्यो सबै बालुवामा पानी खन्याएझैं भएको पुष्टि हुन्छ। अर्कोतिर परीक्षामा अनुत्तीर्ण विद्यार्थीहरूमा परेको मानसिक पीडा कम गर्न भने सरकारले कुनै योजना अघि सारेको छैन। शिक्षाको गुणस्तरमा ध्यान नदिँदा नै विद्यार्थीहरू परीक्षामा असफल हुने क्रम बढ्दै गएको छ।

२०५२ सालमा माओवादीले सुरू गरेको सशस्त्र जनयुद्धका कारण कर्णालीको शिक्षा तहस नहस हुन पुग्यो। युद्धका क्रममा शिक्षक, विद्यार्थी अपहरणमा पर्ने, विद्यालयमा कार्यक्रमहरू गर्ने जस्ता क्रियाकलाप धेरै भए। ज्ञानोदय माविका प्रअ चौलागाई भन्छन्, '३६५ दिनमा सय दिन पनि मुश्किलले पढाई हुन्छ भने शिक्षाको गुणस्तर कसरी सुध्रिन्छ ?' वास्तविकता के हो भने माओवादीले आफ्नो राजनीतिक उद्देश्य पूरा गर्नको लागि सवैभन्दा वढी कर्णाली क्षेत्रबाटै युवा तथा विद्यार्थीहरूलाई उपयोग गरेका छन्। अहिले पनि युद्धका घाउले त्यहाँको शिक्षा क्षेत्र आहात भएको छ।

## प्रवेशिका परीक्षामा उत्तीर्ण विद्यार्थी

| जिल्ला | शैक्षिक सत्र २०५९ | | | शैक्षिक सत्र २०६० | | | शैक्षिक सत्र २०६१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्मिलित | उत्तीर्ण | उत्तीर्ण% | सम्मिलित | उत्तीर्ण | उत्तीर्ण % | सम्मिलित | | उत्तीर्ण % |
| डोल्पा | ७९ | १० | १२.७ | ६१ | २६ | ४२.६ | ६१ | २७ | ४४३ |
| जुम्ला | २५३ | २४ | ९.५ | २६० | ८० | ३०.८ | ३८५ | ४१ | १०.६ |
| कालिकोट | २८६ | ७ | २.४ | ३५४ | ३२ | ९ | ४२७ | ४४ | १०.३ |
| मुगु | १६८ | २६ | १५.५ | १५६ | २७ | १७.३ | १९७ | १७ | ८.६ |
| हुम्ला | ९३ | ३ | ३.२ | १२५ | ११ | ८.८ | १५७ | २८ | १७.८४ |


*श्रोतः मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय,सुर्खेत*

हरेक क्षेत्रमा विकासको मापदण्डका रूपमा त्यस क्षेत्रको शैक्षिक स्तरलाई लिइन्छ। तर कर्णालीको शिक्षा स्तरले यहाँको विकास कुन अवस्थामा रहेको छ भन्ने प्रतिविम्वित हुन्छ। राज्यले तय गर्ने विकासका नारामा सधै अग्रमोर्चामा पर्ने कर्णाली विकास उपभोग गर्ने क्रममा भने सधै पछाडि परिरहेको छ। मुलुकका अन्य क्षेत्रका बालबालिकाले अन्तर्राष्ट्रिय स्तरको शिक्षा हाँसिल गरिरहेका बेला कर्णालीका सन्ततीले पुरानै ढर्रामा पनि विद्यालय तहको पढाइ पूरा गर्न सकिरहेका छैनन्। एक तथ्यांकअनुसार कर्णाली क्षेत्रका करीब तीन लाख जनतामध्ये ३१ प्रतिशतमात्र साक्षर छन्। अर्थात् कर्णालीका दुई तिहाइ जनताको लागि अहिले पनि कालो अक्षर भैंसी बराबर नै छ।

अर्कोतर्फ कर्णालीको शिक्षित जमातले पनि कर्णालीलाई माया गरेको पाइदैन। विडम्वना भन्नुपर्छ कर्णालीको नाम भजाएर छात्रवृत्तिमा उच्च शिक्षा हाँसिल गर्नेहरू पनि आफ्नो व्यक्तिगत स्वार्थको लागि सहरवजारमै रमाउने गरेका छन्। अलिकति पैसा कमाएपछि राजधानी अथवा तराईका जिल्लाहरूमा वसाई सर्ने प्रवृत्ति पछिल्लो समयमा धेरै बढ्दै गएको छ। जसले गर्दा कर्णाली आफ्नै सन्ततीबाट उपेक्षित भएका छन्।

कालिकोटका पूर्व सांसद् तिलकप्रसाद न्यौपाने भन्छन्, 'कर्णालीको विकासमा कर्णालीका शिक्षित युवाहरू नै अग्रसर हुनुपर्‍यो। पढेलेखेकाहरूले कर्णालीप्रति चिन्तित हुनुपर्‍यो।' तर न्यौपानेको यो अर्तिलाई माओवादीको दशवर्षे जनयुद्धले पूरा हुन नदिएको स्पष्ट देखिन्छ। किनभने द्वन्द्वका कारण कर्णालीमा भएका अवसर र रोजगारी खोसिएका छन्। माओवादी हस्तक्षेपका कारण काम गर्न सजिलोसमेत छैन। फलस्वरूप शिक्षा आर्जन गरेका स्थानीय युवाहरू सहरवजारतर्फ बस्न आर्कर्षित भएका छन्।

अतः सवै दृष्टिकोणले राज्यबाट उपेक्षित कर्णाली शैक्षिक रूपमा समेत निकै पछि परेको छ। यसको लागि सरकारले पैशाको खोलो बगाएर मात्र पुग्दैन। स्तरीय शिक्षा सबैका लागि पुऱ्याउन वैज्ञानिक र व्यवहारिक खाका तय गर्नुपर्दछ।



# प्राथमिकतामा कर्णाली राजमार्ग

नेपालको विकट पहाडी भेग कर्णाली अञ्चलका जुम्ला, हुम्ला, मुगु, कालिकोट र डोल्पा तुलनात्मक रूपले पछाडि परेका जिल्ला हुन् । शिक्षा स्वास्थ्य, यातायात, उत्पादन र कृषिक्षेत्रमा देखिएको कमीले एकातर्फ भोकमरी र अभाव छ भने अर्कोतर्फ मुलुकको मूल आर्थिक गतिविधिसँग जोडिन सकेको छैन । यस अवस्थामा कर्णाली अञ्चल उपेक्षा र नीतिगत त्रुटिको सिकार भएको भन्नुपर्छ । कर्णालीलाई सडक यातायातसँग जोड्ने गरी १४ वर्ष पहिले सुर्खेत-जुम्ला सडक शुरू भयो । यस सडकले जति चर्चा पाएको छ त्यति नै यसको निर्माण कार्य ढिलो भइरहेको छ । सरकारले यस सडकलाई प्राथमिकता दिए पनि त्यसअनुसार काम गराएको देखिन्न । सडक निमार्णमा ढिलाइ हुनुको अर्को प्रमुख कारण माओवादीको शसस्त्र द्वन्द्व हो । यसैकारण समयमा विस्फोटक पदार्थ उपलब्ध भएन । स्थानीय श्रमिकको अभाव भयो । रेखांकन र काममा परिवर्तन तथा आवश्यक वजेट तर्जुमा भएनन् । सेनालाई सडक निमार्णको जिम्मा दिए छिटो छरितो काम हुने संभावनाले जिम्मा लगाइयो यद्यपि, यो संभावनाले पनि सार्थकता पाउन सकेन् । तर कर्णालीका लागि यो सडक निर्माण भाग्यरेखा नै हो । यो सडक निमार्णको चरणमै सुस्त देखिनुले कर्णालीवासीलाई निराश बनायो ।

२०४८ जेठमा तत्कालीन प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले सुर्खेतको बाङ्गेसिमलमा कर्णाली राजमार्गको शिलान्यास गर्दा कर्णालीबासी धेरै उत्साहित भएका थिए । पछि बजेट दिन कञ्जुस्याइँ गरिएकोले निर्माण कार्य अघि बढेन । सरकारले शुरूमा दुइ करोड रूपैयाँको बार्षिक बजेट छुट्यायो, जुन पछिका वर्षहरूमा चार करोड हुँदै छ करोड रूपैयाँसम्म पुग्यो । २०४९/०५० त्यसपछि फेरि चार करोड रूपैयाँमा झर्‍यो । र यो सिलसिला २०५७ सालमा विश्व ब्याङ्कले हात नहाल्दासम्म जारी रह्यो । कालिकोटका नेपाली काँग्रेसबाट निर्वाचित पूर्व सांसद तिलकप्रसाद न्यौपाने भन्छन्- 'सरकारले गरेको सौतेलो व्यवहारले राजमार्ग यसरी लथालिङ्ग भएको हो । आफ्नै पार्टीको सरकारले पनि मेरो कुरा सुनेन, अरूको के कुरा ?'

विश्व ब्याङ्कले हात हालेर काम अघि बढेपछि शुरू भयो माओवादी अवरोध । उनीहरूबाट अकारण निर्माण सामाग्री लुट्ने, कामदार र प्राविधिक अपहरण गर्ने क्रियाकलाम भयो । यसैको कारणबाट सडक निर्माणमा पुनः बाधा पुग्यो । विष्फोटक पदार्थको ओसारपोसारमा प्रतिबन्ध लागेपछि ठूलाठूला पहरा र चट्टान फोर्ने काम हुन सकेन । यिनै असहज परिस्थितिले गर्दा शुरू

विन्दुबाट एक सय ३५ किलोमिटर निमार्ण गर्ने जिम्मा लिएको चिनिया कम्पनी आर्थिक वर्ष २०६१/०६२ मा एक सय १२ किमिबाटै फर्कियो। त्यसको लगत्तै माओवादीले सुर्खेतस्थित राजमार्ग आयोजना कार्यालयमा बम विष्फोट गराए।

विश्व ब्याङ्कले कर्णाली राजमार्ग निमार्णका लागि कूल दुइ अर्ब ४८ करोड ७२ लाख १८ हजार रूपैया सहयोग गरेको छ। जसको आधा रकम खर्च भइसकेको बताइन्छ। यसमध्ये हरेक वर्ष फ्रिज हुने बजेट पनि कम छैन। आव ०५९-६० मा रू ४० करोड ५० लाख मध्ये रू ९ करोड २२ लाख खर्च भई रू २४ करोड फ्रिज भएको थियो भने रू ७ करोड ५० लाख अन्य सडकमा रकमान्तर गरिएको थियो। सबै तथ्याङ्क केलाउँदा कर्णाली राजमार्गमा जव माओवादी द्वन्द्वले चरमरूप लिदै गयो त्यतीखेर मात्र बजेट विनियोजन वढी भएको देखिन्छ। काम गर्न सकिने अवस्थामा बजेट कम छुट्याउनुले पनि सरकारले यो राजमार्गप्रति गरेको व्यवहार स्पष्ट देखिन्छ।

१९ माघपछि राजाकै अध्यक्षतामा बनेको सरकारले पनि आफ्नो १२ बुँदे कार्यक्रममा कर्णाली राजमार्गलाई उच्च प्राथमिकतामा राख्यो। राजाको सरकारको निर्णयपछि सरकारी अधिकारीहरू निमार्ण स्थलमै पुग्न बाध्य भए। निर्णय भएको दुई साता नबित्दै राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. शङ्कर शर्मा, सहसचिव भगवती प्रसाद काफ्ले र सदस्य शम्भुशरण कायस्थ, रक्षा सचिव विष्णुदत्त उप्रेती, भौतिक योजना तथा निमार्ण सचिब टीकादत्त निरौला, अर्थ सहसचिव रामेश्वर खनाल, सडक विभागका महानिर्देशक दुर्गाप्रसाद केसी लगायतका अधिकारीहरूले राजमार्गका विभिन्न खण्डको स्थलगत अध्ययन गरे। राजाबाट १ फागुन २०६२ सम्मको समय-सीमा तोकिएकोले उनीहरू सबै कसरी यो समयभित्र खलङ्गमा मोटरबाटो पुर्‍याउन सकिन्छ भन्ने अध्ययन गर्न गएका थिए। तर राजधानी फर्किएपछि सेमिनार र गोष्ठिमा खलङ्गा पुर्‍याउने लक्ष सबै विर्सिए।

अहिले जनआन्दोलनबाट स्थापित सरकारले पनि सडक यातायातबाट बन्चित रहनु नै कर्णाली अञ्चलको आर्थिक पछौटेपनको प्रमुख कारण हो भन्दै कालिकोटको सदरमुकाम मान्म र जुम्लाको खलंगा जोड्ने मोटरबाटोको निमार्ण कार्य २०६३ पुसभित्र नै सपन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। हुम्लाको यारीदेखि सिमिकोटसम्म र डोल्पाको दुनैदेखि जुफालसम्मको मोटरबाटो उच्च प्राथमिकता दिई निमार्ण गरिने र हुम्ला र मुगु जिल्लालाई राष्ट्रिय सडक सञ्जालमा आवद्ध गर्न बाजुरा जिल्लाको मार्तडी-कोल्टी हुँदै सडक निमार्णका लागि विस्तृत सर्वेक्षण गर्ने लोकतान्त्रिक सरकारले प्राथमिकतामा पारेको छ।

तर अर्कोतर्फ जाजरकोट- दुनै सडकको सर्भेक्षण अघि बढाइने भन्दै सातवटा जिल्ला सदरमुकाम जोड्ने मोटरबाटो निमार्ण कार्य सम्पन्न गर्नका लागि रू ७१ करोड विनियोजन गरेको छ। कर्णाली राजमार्ग पूरा नहुँदै सो राजमार्गको निर्माण प्रक्रियालाई नै अलमल्याउने यो सरकारी योजनाले कर्णालीमा सडक बन्ने काम बिरबलको खिचडी जस्तै त हुने होइन भन्नेमा स्थानीय वासिन्दा शसंकित छन्।

सुर्खेत जुम्ला सडक सुरूमा दुई सय ५० किमि अनुमान गरियो। सेनाले लिएपछि १२ किमि थपियो। पाँच वर्ष पहिलेको हिसाबमा प्रति किमि सडक बनाउन एक करोड खर्च अनुमान गरिएको र प्रतिवर्ष १६ दशमलब पाँच किमि सडक निमार्ण हुन पर्थ्यो। तर अझै ढुङ्ग्यान्न र पहरा खण्डहरूमा रेखांकनसम्म हुन सकेका छैनन्। राष्ट्रिय प्राथमिकता प्राप्त सडक वर्षको १६ किमि पनि वन्दैन भने कामको गति र सरकारी नीतिको कार्यान्वयन कुन रूपमा भइरहेको छ भनि अनुमान गर्न सकिन्छ। अभाव, गरिबी र पछौटेपनबाट ग्रस्त कर्णाली अञ्चलका जुम्ला र कालिकोट जिल्लामात्र सडकले छुने हो। यस सडकले सम्पूर्ण कर्णालीलाई नसमेट्ने हुनाले कर्णालीवासीहरूले यसलाई समग्र कर्णाली राजमार्ग मानेका छैनन्। उनीहरू सुर्खेत-जुम्ला सडक सँगसँगै तिब्वतबाट कर्णालीका पाँच जिल्लाहरूलाई आपसमा जोड्ने सडकहरूको निर्माण

समानान्तर रूपमा हुनु पर्ने माग गरिरहेका छन्। त्यसरी बनाइनु पर्ने सडकहरू सुर्खेत-जुम्ला, हिल्सा -तिब्बत सीमा)-सिमिकोट, हुम्ला-गमगढी, जुम्ला-गमगढी,जुम्ला-भज्याङ र जुम्ला-दुनै मुख्य हुन्। तर अहिलेकै गति कायम रहने हो भने कर्णाली राजमार्ग हुम्लाको उत्तरी सिमाना हिल्सा पुग्न विक्रम सम्वत २१०० सम्म पर्खनु पर्छ।

अतः सडक बनेका खण्डमा कर्णालीमा प्रचुर मात्रामा पाइने भौतिक स्रोत र साधनको उपयोगका लागि ढोका खुल्छ। यहाँका स्याउ, च्याउ, भ्याउ र दाँते ओखरका अतिरिक्त यार्चागुम्बा कटुकी, जटामसी, केशर, शिलाजित जस्ता उत्पादनलाई सजिलैसँग बजारमा पुऱ्याउन सजिलो हुन्छ। सडक यातायातले यस्ता सामानहरूको ढुवानी खर्च घटाएर यस कामलाई लाभदायी बनाउँछ।

कर्णाली अञ्चल र देशका अरू भागबीचको सम्पर्क हवाई यातायात वनेको छ। तर यसका आफ्नै समस्याहरू छन्। प्रतिकूल मौसम र हवाइसेवा सञ्चालकहरूले त्यस क्षेत्रमा पर्याप्त सेवा सञ्चालन गर्न आनाकानी गर्दा हवाईसेवा पनि प्रभावकारी छैनन्। सोही कारण कर्णालीका विभिन्न ठाउँ जान नेपालगञ्जमा आफ्नो पालो पर्खेर बस्ने मानिस र सामानहरूको भीड लाग्छ। कर्णालीका जिल्लाहरूमा लैजान ठिक्क पारिएका टनका टन सामान नेपालगंज विमानस्थलमा महिनौसम्म थुप्रिएका हुन्छन्। बोराको सिमेन्ट जमेर ढुङ्गो बन्छ। अन्य सामान सड्छन्। धेरै गह्रौं सामान त्यस रूटमा उड्ने हवाईजहाजले बोक्न पनि सक्दैनन्।

कर्णालीले अहिले उपयोग गरिरहेको ढुवानीको माध्यम हवाई मार्ग अन्य माध्यमको तुलनामा खर्चिलो छ। नेपालगंजबाट हुम्लाको सदरमुकाम सिमकोटसम्म हवाईजहाजबाट सामान ओसार्दा प्रतिकेजी ६८ रूपैयाँ भाडा लाग्छ। यसले गर्दा कर्णालीका लागि छुट्याएको रकमको ठुलो अंश सामान ढुवानीमा खर्च हुन्छ। स्थल यातायातको अभावमा फलफूल र जडिवुटीजस्ता कर्णालीका उत्पादनहरू वजारसम्म पुऱ्याउन पनि कठीन छ। जुम्लालाई तराई अर्थात् पूर्व पश्चिम राजमार्गसँग जोड्ने सडक निमार्णको कुरा तीन दशकअघि पञ्चवर्षीय योजनामा पारिएको थियो। त्यतिबेला कर्णाली र भेरीमा काम गरिरहेको क्यानेडियाली संस्थाका अर्थशास्त्रीले स्थानीय जनश्रमदान जुटाएर मोटर गुड्न सक्ने घोडेटो बाटो बनाउने योजना बनाए थिए। तर पछि उनको ठाउँमा आएका अर्का क्यानेडियालीले यस योजनालाई अघि वढ्न दिएनन्। कर्णालीको गहन अध्ययन गरेका समाजशास्त्रीहरू भन्छन्। 'यसले गर्दा कर्णालीले विकासका राम्रा अवसर गुमायो।'

कर्णाली सडकको वास्तविक काम २०४८/४९ मा शुरू भएको हो। सुर्खेत-जुम्ला सडक वा कर्णाली राजमार्गको नामले बन्न लागेको दुई सय १० किलोमिटर लामो यस सडकका लागि सरकारले धेरै पैसा विनियोजित पनि गरेको छ। यो बाटो ६४ किलोमिटर बनि सकेको र थप एक सय ३२ किलोमिटरसम्म काम भइरहेको सरकारी दावी छ। ढीलो गरी थालिएको यो सडक निर्माणको गति एकदमै सुस्त छ।



सुर्खेतबाट कर्णाली अञ्चल जोड्ने कर्णाली राजमार्ग बहुप्रतिक्षित योजना भएको छ। यसबाट धेरैले थुप्रै आकांक्षा र अपेक्षाहरू लिएका छन्। तर विद्वान सी.के. लालले भने झैं सडक भनेको सम्भावना मात्र हो, यसलाई कसले केका लागि प्रयोग गर्दछ, त्यसबाट मात्र सडक यातायातको पूर्ण मुल्याङ्कन गर्न सकिन्छ। कर्णाली जस्तो जीविकोपार्जनको आधार मूलतः कृषि भएको क्षेत्रमा सडक यातायात पुग्दा यसले कस्तो असर कस्तो असर पर्ला ? अन्य सम्भावनाहरूका साथै सडकले भित्र्याउने सशक्त बजारले नौला नौला चाहना र मागहरू सिर्जना गर्नेछ। यथेष्ट स्थानीय उत्पादन र निकासी गर्ने वस्तु र सेवाको अभावमा यी नयाँ मागहरू पूरा गर्ने, वस्तु र सेवाको अभावमा यी नयाँ मागहरू पुरा गर्न बाँकी पुर्ख्यौली गहना, हुण्डा, खड्कुला, जमिन बेच्ने स्थिति आइपर्न सक्छ। अहिले नै पनि जहाजबाट ओसारिएका तयारी चाउचाउ र बिस्कुटले स्थानीय खाजा, रोटी, अर्नीलाई विस्थापित गरिसकेको छ। केटाकेटीहरू घरको खाद्यान्न कोदो र चामल चोरेर बजारमा भिडियो र स्याटलाइट टि.भि. हेर्न थालेको केही बर्षै भइसक्यो।

त्यसैले कर्णालीमा सडक पुग्न अगावै त्यहाँ व्यावसायिक रूपले उच्च सम्भाव्यता भएका स्याउ, च्याउ, जडीबुटी खेती तथा पशुपालनमा लगानीका साथै पूर्वधार निर्माण गर्न आवश्यक देखिन्छ। जसले सकडमार्फत् दक्षिणबाट आयात हुने भौतिक सांस्कृतिक बस्तुहरूलाई आन्तरिक उत्पादनले सन्तुलन राख्न सम्भव होस्। यसैगरी कर्णालीमा पर्यटन र तीर्थाटनको पनि पर्याप्त सम्भावना छ। यस्ता क्षेत्रमा समेत लगानी र व्यवस्था गर्न आबश्यक देखिन्छ। अन्यथा दक्षिणबाट सामान लादिएका ट्रकहरू भित्रिने तर कर्णालीबाट रित्ता गाडीहरू फर्कने स्थिति भए एकातिर गरीबीको चक्र झनै विकराल बन्नेछ भने अर्कोतिर संस्कृतिविनाको गति द्रुततर हुँदै जानेछ।

हुम्लासम्म गाडी जाने बाटो नभए पनि हुम्लीहरूले त्यहाँको एउटा पुल बनाउने सामान केही समयअघि काठमाडौंबाट अरनिको राजमार्ग हुँदै तिब्बतबाट हुम्ला पुऱ्याए। त्यसरी हुम्लाको हिल्सासम्म सामान पुऱ्याउको भाडा प्रतिकेजी रू १३ पऱ्यो। हिल्साबाट बोकाएर सिमकोट लैजाँदा बढीमा प्रतिकेजी नौ रूपैया ज्याला जोड्दा पनि प्रतिकेजी रू २२ मा काठमाडौंबाट सिमकोट सम्म सामान पुग्यो। समयमा सामान पुग्दा योजना समयमै सम्पन्न भयो र भाडामा पनि प्रतिकेजी रू ४७ बचत भयो। यसरी कर्णालीको सही बिकासका लागि सडक यातायात एकदमै आवश्यक छ।

# माओवादी बाधक

कर्णालीमाथि राज्यद्वारा भएको अन्याय र अविकासलाई राजनीतिक फाइदाका रूपमा उपयोग गरेको माओवादीले आफ्नो पार्टी सरकारमा जानासाथ कर्णालीको विकासका लागि नयाँ आयाम ल्याउने दाबी गर्दै आएको छ । तर, माओवादीले विगतमा कर्णालीप्रति गरेको व्यवहार नियाल्ने हो भने उनीहरूको आश्वासन र प्रतिबद्धता लागू होला भन्नेमा धेरैले शंका गरेका छन् । माओवादीकै कारण अहिले पनि कर्णालीका पाँचबटै जिल्लाको सञ्चार व्यवस्था सहज रूपमा उपलब्ध छैन । माओवादीले काटेका मुगुको भट्टेचौर, सुम्ली, सुनाथ र माटीभिटामा रहेका पुल, कालिकोट पाद्मघाट, रैगिल,लालिघाट, राम्नाकोट र भात्तडीमा रहेका पुल, हुम्लाको खार्पू नन्ला, ग्याग्रुको पुलको पुनर्निमाण अझै हुन सकेको छैन । यी पुल काटिएपछि स्थानीय बासिन्दा दिनहुँ थप पीडा भोग्दैछन् । माओवादीको आश्वासनले पीडा बनेको घाउमा नुनचुकको काम गरिरहेको छ । यी सबै भौतिक संरचनालाई माओवादीले आफू सरकारमा जानासाथ बनाउने बाचा गरेका छन् । कर्णालीको डोल्पा र जुम्ला सदरमुकामलाई पनि आक्रमणको तारो बनाएपछि माओवादीप्रतिको भरोसा केही गुमेको थियो । यसपछि कर्णालीले बर्षौ लगाएर जिल्लामा बनाइएका भौतिक संरचना मात्र गुमाएन, स्थानिय बासिन्दाले सहज जीवनबाट पनि विमुख हुन पऱ्यो ।

तर यी आक्रमणहरू नयाँ कर्णाली बनाउनका लागि गरिएको र माओवादीले अब कर्णालीको विकासमा नयाँ प्रयोग अपनाउने बताउँछन्, । माओवादीका केन्द्रीय सदस्य खड्कबहादुर बि.क (प्रकाण्ड), प्रकाण्ड भन्छन्- 'नयाँ संरचना बनाउन हामीले केन्द्रीकृत संरचना भत्काउन आवश्यक ठान्यौं । अब कर्णालीको स्वरूप फेर्ने जिम्मा हाम्रो काँधमा आएको छ ।' प्रस्तुत छ- खड्कबहादुरसँगै गरिएको कुराकानीः

- *तपाईंको पार्टीले त जनयुद्धका नाममा विकासको विनास गऱ्यो ?*

हामीले विकासका संरचना भत्काएका छौं साँचो हो । त्यो हाम्रो बाध्यता थियो । अझ भनौ हामीलाई भत्काउन वाध्या पारियो । हामीले कर्णाली लागि नयाँ विकासको खाका कोरेका थियौं । त्यो पूरा गर्नका लागि पुराना संरचनाहरू भत्काउनुको विकल्प थिएन । विकासका नयाँ ढोका खोल्नका लागि लडिएको लडाई थियो त्यो ।

- *बल्लतल्ल पाएको विकास त कर्णालीले गुमाएन र ?*

माओवादीले कर्णालीको विकास गर्न दिएन भनेर जुन आरोप लगाइयो, त्यो कर्णालीका जनताविरूद्ध गरिएका षड्यन्त्रहरू थिए । जनयुद्धले कर्णालीलाई विकासबाट बञ्चित गरेको होइन, विकासमा लम्काएको हाम्रो पार्टीको विश्लेषण छ ।

- *माओवादीले पहिलेदेखि नै क्रान्तिकारी नारा बाँड्यो, अव त्यसलाई कसरी कार्यान्वियन गर्छ ?*

विगतको कुरा गर्दा कर्णालीलाई सवैले धोका दिए भन्नु अस्वाभाविक थिएन । विगतमा दल र सरकारले कर्णालीप्रति जस्तो व्यबहार गरे त्यसलाई आश्चर्य मान्नुपर्ने कुनै पनि कारण छैन । राज्यको संरचना र राजनीतिक दललाई बुझ्ने क्रममा कर्णालीका जनताको पनि कमजोरी थियो कर्णालीप्रति हाम्रो पार्टीको रणनीति भनेको त्यहाँका जनतालाई नै सार्वभौम र अधिकारसम्पन्न बनाउनु हो । कर्णालीमा कर्णालीकै जनताले शासन गर्न पाउने अधिकार स्थापना गर्नु हो ।

- *कर्णालीलाई देशका अन्य क्षेत्र सरह ल्याउन माओवादीले कस्तो कार्यक्रम ल्याउँछ ?*

कर्णालीलाई कुन कार्यक्रम दिएर कस्तो बनाउने भन्ने सल्लाह कर्णालीवासीले नै दिनुपर्छ । यसले गर्दा कसैमाथि भर पर्नुपर्ने अवस्था नआओस् । जब हामी सरकारमा जान्छौं त्यतिखेर

कर्णालीको विकासका लागि नयाँ भ्रूणको आविष्कार पार्टीले गर्छ। हामी सरकारमा गइसकेपछि कर्णालीका लागि विशेष प्याकेज कार्यक्रमहरू ल्याइनुपर्छ भन्ने आन्तरिक तयारीमा छौं ।

- *कर्णालीका जनताले माओवादीमाथि विश्वास गर्ने आधार के ?*

क्षेत्रीय, वर्गीय र जातीय उत्पीडनविरूद्ध हामीले कर्णालीमा चलाएको आन्दोलनमा सबै जनताको सक्रिय सहयोग रह्यो । भेरी कर्णाली स्वायत्त प्रदेशको निर्माण गरे पनि हामीले त्यसको केन्द्र कर्णालीलाई बनायौं । अहिले कर्णालीले सामाजिक क्षेत्रमा नसोचेको फड्को मारेको छ। भोका र नाङ्गाको क्षेत्र भनेर परिचय बाँडिएको कर्णालीमा हाम्रो पार्टीले बहुदलीय समाजबादी व्यवस्थाको नमूना बनाएको छ। जनताले चाहेका यी परिवर्तनमा पार्टीले सकारात्मक भूमिका खेलेको छ ।

# कर्णालीको विकासमा गैरसरकारी संस्था

२००७ सालमा प्रजातन्त्र आएको उपलक्ष्यमा जुम्लाामा २००८ सालमा विजय जुलुस निस्क्यो । नेपालभित्रैको कर्णाली त्यति बेला काठमाडौंभन्दा कति टाढा थियो भन्ने दृष्टान्त हो यो । विकासका सर्वमान्य सूचक केलाउँदा २०६२ सालको कर्णाली पनि राजधानी वा मुलुकको अन्य सुगम भागभन्दा अत्यन्त पछाडी छ ।

विकासे कार्यकर्ताको भेषमा दुनो सोभ्र्याउन उद्दतहरूका लागि कर्णाली कामधुने गाई बनेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय दाताहरूको बजारमा कर्णाली दिनहुँ बिकिरहेछ । तैपनि, कर्णालीवासीले आजसम्म नुनसम्म सजिलो गरी खान पाएका छैनन् । कर्णालीको गरिबी बेचेर गैरसरकारी संस्थाका संचालकहरू बजार नपाएको जुम्लाको स्याउ जस्तै रसिला बनिरहेका छन् । उनीहरूले कर्णालीमा कायकल्प ल्याएको प्रतिवेदनका ठेली सात समुद्र टाढासम्म पुऱ्याएका छन् । तर कर्णालीवासी एक छाक पेटभरि खान नपाएका मात्र होइन्, आम नेपालीभन्दा २४ बर्षअगावैमा अकालमा ज्यान गुमाउन विवश छन् ।

आफूलाई नेपालको सौतेनी सन्तान मान्ने कर्णालीको अवस्था यहाँ कार्यरत गैरसरकारी संस्थाहरू (एनजिओ) ले देखाउने प्रतिवेदन जस्तो छैन । कर्णालीको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आँकडामा भारी परिवर्तन आएको प्रतिवेदन एनजिओले दिएका छन् । तर, त्योभन्दा धेरै खस्किएको छ, कर्णालीको वास्तविक अनुहार । कर्णालीको गरिब अनुहार नै प्रत्येकचोटी कर्णालीको नाम र काम जोडिएका एनजिओका लागि मागीखाने भाँडो बनेको छ ।

कर्णालीमा माओवादीको प्रवेशपछि सामाजिक स्वरूपमा व्यापक परिवर्तन देखिएको छ । कानमा लगाउने मुन्द्रादेखि नाकमा लगाउने फूलीसम्म बहिस्कार गर्न थालेका छन् । छुवाछुतको भेदभावलाई माओवादीले बन्देज लगाएका छन् र यो नियम लागू छ, कमसेकम उनीहरूको उपस्थितिमा । तर, माओवादीहरू राष्ट्रिय रूपमा विद्रोही बनेकाले उनीहरूको योगदानको हिसाब किताब राखिएको छैन ।

तर माओवादीको त्रासमा आएका सबै सकारात्मक परिवर्तनको जस एनजिओले लिएका छन् । विकासका पूर्वाधार वा अन्य भौतिक काममा भन्दा पनि जनचेतना, सशक्तीकरण, समानताजस्ता सफ्टवेयरको कामलाई उद्देश्य बनाएका अधिकांश एनजिओले सबै परिवर्तनको जस आफैले लिने गरेका छन् । माओवादी र समयक्रमले आएको सामाजिक परिवर्तनमा आफ्नो कपिराइट दाबी गर्दै डलरसँग बिनिमय गर्ने प्रतिवेदन बन्ने क्रम निरन्तर चलिरहेको तथ्यहरूले देखाउँछन् ।

प्रतिवेदनमात्र होइन कर्णालीवासीको कुपोषणयुक्त अनुहारसमेत अन्तराष्ट्रिय बजारमा विदेशी मुद्रासँग सटही भइरहेको छ । आइएनजिओका नेपालमा रहेका शाखा र स्थानीय एनजिओका मिलेमतोमा यो सबै खेल हुने गरेको छ, देखिएको छ ।

राज्यको हेपाइ र चेपाइ,  माओवादीको दोहोरो मारमा पिल्सिएको नाममा कर्णालीमा पैसाको खोलो बगेको छ, आधादशक यता । कर्णालीका नाममा कति पैसा आइरहेको छ त ? उत्तर पहिल्याउन गाह्रो छ । एनजिओ /आइएनजिओले कुनै हालतमा वास्तविक हिसाब किताबको बासलात दिदैनन् । कुनै छाता सरकारी निकायको संयोजकसम्म जरूरी नभएकाले कर्णालीका नाममा ओइरिने रकमको अंक किटान गर्न असम्भव छ । तैपनि, केही अगुवा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाले खर्चेको बजेट हेर्ने हो भने कर्णालीमा वार्षिक एक अर्बभन्दा बढी रकम गइरहेको पुष्टि हन्छ । डिएफआइडी, युनडिपी, जिटिजेट, एसएनभी, डब्लुएफपीजस्ता अन्तराष्टिय निकायहरूको सहकार्यमा दर्जनौं एनजिओले करौडौं रकम खेलाइरहेका छन् ।

कर्णाली एकीकृत तथा ग्रामीण विकास संस्था (किर्डाक), सूर्य सामाजिक सेवा संघ (फोर एस), ग्रामीण सामुदायिक विकास केन्द्र (आरसिडिसी), हिमालय कन्जरभेसन एन्ड डेभलपमेन्ट

एसोसिएसन (एचसिडिए), मानवअधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक), ड्याकट्याक जस्ता एनजिओ त्यस्ता दर्जनौ गैरसरकारी संस्थामध्ये हुन्, जसले करोडभन्दा वढीको बजेट कर्णालीका नाममा ओइऱ्याउने सौभाग्य पाएका छन् । तर, यी एनजिओहरू आफूले गर्ने कामबारे जति उदारताका साथ वर्णन गर्छन्, हिसाब किताबको विवरण दिन त्यति नै हिचकिचाउँछन् ।

अपवादबाहेक सबै एनजिओको छवि उस्तै बनेको छ । साथसाथै अन्तराष्ट्रिय संस्थाहरूले ओइऱ्याएको करोडौ रकमको समेत औचित्य पुष्टि हुन सकेको छैन । २०६०/६१ मा मात्र वल्डभिजनले जुम्ला र कालिकोटमा कामका लागि खाद्यान्न र अन्य स्थानीय गैरसरकारी संस्थामार्फत सुशासन र बालस्वास्थ्यका लागि १८ करोड रूपैयाँ खर्च गऱ्यो । पछिल्ला वर्षमा पनि उसले कर्णालीका नाममा दिने बजेटमा कमी ल्याएको छैन ।

एसएनभीले पनि कर्णालीमा सुशासनका लागि भनेर त्यही वर्ष चार करोड रूपैयाँ खर्च गरेको थियो । तर, यी खर्चले कर्णालीमा कति सुशासनको परिपाटी बसाल्यो, त्यहाँका भुक्तभोगीहरू साक्षी छन् । आफूले गरेको लगानीअनुसार उपलब्धी हाँसिल नभएको अन्तराष्ट्रिय संस्थाहरूकै आत्ममुल्यांकन छ । विभिन्न संस्थामार्फत करौडौ रकम खर्च हुँदासमेत कर्णालीवासीको अवस्था जहाँको त्यहीँ रहेको मानव विकास सूचकांकले पनि देखाउँछ ।

कर्णालीवासीको औसत आयु ४४ वर्ष छ । सरकार र एनजिओहरूले कर्णालीलाई उच्च प्राथमिकतामा राखेको जति भाषण गरे पनि उनीहरूमध्ये २९ प्रतिशतले मात्र अक्षर चिनेका छन् । मुलुकको औसत आयु ५८ वर्ष र साक्षरता प्रतिशत ५४ दशमलव एक सँग रहेको फरकले नै कर्णालीको हविगत उदांगो पार्छ । प्राविधिक र उच्चशिक्षा हासिल गरेका कर्णालीवासीको संख्या औँलामा गन्न सकिन्छ ।

शिक्षाको नाममा केही गैरसरकारी संस्थामार्फत भित्रिएको रकममात्र जोड्ने हो भने पनि २०५८ यता झन्डै २५ करोड रूपैयाँ नाघेको छ । तर शैक्षिक प्रगति भने कछुवाकै गतिमा छ । शिक्षाका नाममा केही विद्यालय भवन बनेका छन् । पढाइमा कुनै उन्नति देखिएको छैन ।

कर्णालीका नाममा विनियोजित अधिकांश स्रोतसाधन नेपालगन्जमा उपयोग हुने गरेको छ । त्यसैले त मध्यपश्चिममा चर्केको द्वन्द्व र कर्णालीकेन्द्रित कार्यक्रमको आयतनसँगै नेपालगन्ज गुल्जार हुँदै गइरहेको छ । देशी विदेशी सहयोगले कर्णालीमा आएको परिवर्तन हेर्ने दुरवीन बनेको छ नेपालगन्ज । नेपालगन्जमा गोष्ठी आयोजना गरी काठमाडौंबाट दातालाई निम्तो गरेर कागजी परिवर्तन देखाउन एनजिओहरू पोख्त बनेका छन् । एनजिओको यो नमूनाले नेपालगन्जको होटेल व्यापक त चम्केको छ । तर, जसको बिहे उसलाई देख्न न दे भनेझैं कर्णाली झन् झन् नांगो बनिरहेको छ ।

कर्णालीका नाममा पैसाको खोलो बगिरहेको र टाठाबाठाले त्यसमा ब्रहमलुट मचाइरहेको बारे सबै जानकार छन् । स्थानीय प्रशासनलाई यसको इतिवृत्तान्त थाहा छ । तर, प्रशासनसमेत गोष्ठी र सेमिनारमा आगन्तुकका रूपमा पाइने भत्ताको लोभमा मौन बसेको छ ।

सानो संख्यामा रहेको स्थानीय सचेत समुदायसमेत एनजिओविरूद्ध आक्रोशित बनेका छन् । ६ महिनाअघि जुम्लाका तीलचौरका स्थानीय दलितहरूले प्रशासनलाई गुहार्दै भनेका थिए, यी एनजिओहरूले हाम्रा फोटा बेचेर आफै धनी बने, हामी कहाँ यिनीहरूलाई आउन रोकियोस् । सामाजिक परिवर्तन र रूपान्तरणका नाममा आफ्नो थैली मोटो बनाउनेहरूविरूद्ध सदरमुकामका दलितको यो आक्रोशले गैरसरकारी संस्थाको प्रस्ट्याएको छ ।

पुगनपुग पाँचसय गैरसरकारी संस्था छन् कर्णालीमा । महिला, जनजाति, दलित, गरिबका नाममा आएको रकमबारे उनीहरू बेखवर छन् । कर्णालीमा उक्लेको पैसा, तालिम भत्ता र खाजा नास्तामा सकिन्छ ।

अन्तराष्ट्रिय दाताले प्रत्यक्ष लगानी गरेको कार्यक्रमबाहेक स्थानीय एनजिअेमार्फत मात्र बार्षिक ३० करोडभन्दा बढी कर्णालीमा भित्रिने गरेको छ । तर जसका लागि भनेर पैसा मागिएको

छ, उनीहरूले १५ प्रतिशत पनि पाउँदैनन् । जसले गैरसरकारी संस्था खोल्यो उसैको गरिबी निवारण भएको छ । जसका लागि भनेर हात थापेर बजेट माग्यो उनीहरूको जीवन शैलीमा कुनै परिवर्तन देखिएको छैन ।

पहुँचवालाले कर्णालीको विकासका नाममा बजेट पाइहाल्ने र यो प्रतिवेदनको खेतीमा लाग्ने प्रवृति बढ्दो छ । राष्ट्रियस्तरमा प्रचारप्रसार र सकभर अंग्रेजी लेखिएको रिपोर्ट बुझाएपछि लगानी गर्ने अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रवृत्तिले कर्णालीका नाममा लुट्ने प्रवृत्तिलाई प्रोत्साहित गरेको प्रस्टिदै गएको छ ।

सरकारी शैलीलाई खोट लगाउँदै जन्मिएका एनजिओले कर्णालीलाई झन् पछि धकेल्ने काम मात्र गरेका छैनन् संस्था खोलेर धनी बनिन्छ भन्ने छापसमेत बसालेका छन् । स्थानीयहरूमा त्यसैले त पढेलेखेका युवाहरूसमेत आफ्नो थलोको सेवाभन्दा एनजिओतिरै आकर्षित भएका छन् ।

सरकारको भन्दा अलग र सरकार नपुगेको क्षेत्रमा समर्पित हुने सपथ खाएर खुलेका संस्थाहरूले फिल्डमा सिन्को पनि नभाँची रकम कुम्ल्याइएका उदाहरण पनि छन् । उनीहरू कार्यक्षेत्रमा कायापलट गरेको प्रतिवेदन बनाउँछन् । गैरसरकारी संस्थाले दातालाई देखाउने रिपोर्ट हेर्‍यो भने कर्णाली त काठमाण्डौंभन्दा पनि विकसित भइसकेको देखिन्छ ।

कर्णालीको अनुभवमा सरकारी भन्दा गैरसरकारी संस्थालाई आएको रकममा भ्रष्टचार गर्न धेरै सजिलो देखिएको छ । प्रगति प्रतिवेदन आकर्षक ढाँचामा दाता सन्मुख पस्कने र आएको पैसा सिध्याएकै भरमा उनीहरूको योग्यता मापन हुन्छ ।

जेहोस्, कर्णालीमा एनजीओ व्यापार भने खुबै फस्टाएको छ, संचालकहरूका लागि र कर्णालीलाई राजनीतिक गर्नेले भन्दा बढी धोका दिएका छन्, पछिल्लोचोटि कर्णालीको नाम बेच्ने च्याउजस्तै खुलेका गैरसरकारी संस्थाहरूले ।

अबका दिनहरूमा कर्णालीमा खोलीएका र कर्णालीमा काम गर्ने गैरसरकारी संस्थाले पक्कै पनि नयाँ योजनाका साथ लक्षित वर्ग सम्म पुर्‍याउने कार्यक्रम तय गर्ने छन् भन्ने आशा कर्णालीवासीले गरेका छन् ।

कर्णालीका गैरसरकारी संस्थाहरू

| क.सं. | जिल्ला | जनसंख्या | गैरसरकारी संस्था | समाजकल्याण परिषद्सँग आबद्ध |
|---|---|---|---|---|
| १, | जुम्ला | ९७,००० | १५२ | ३८ |
| २, | कालिकोट | १,०५००० | ११९ | ५६ |
| ३ | मुगु | ४६,००० | १०९ | ४२ |
| ४ | डोल्पा | २७,००० | ८४ | ३९ |
| ५ | हुम्ला | ४०,९०० | ११७ | ३६ |

*बर्ष २ अंक १००, चैत्र २०६२ समय साप्ताहिकका ज्योति देवकोटाको लेखबाट*

# काम ठग प्रवृत्ति

जिल्ला विकासको योजनाकारका रूपमा कर्णाली अञ्चलमा पुगेका स्थानीय विकास अधिकारी वर्षमा मुस्किलले १५देखि २० दिन सम्बन्धित कार्यालयमा बस्छन् भन्ने कुरा पत्तो पाएपछि सिहंदरबारबाट त्यँहा निरीक्षणमा पुगेका योजनाकारहरू छक्क मात्र परेनन्, बरू त्यहाँ कर्मचारी बस्न मान्दैनन् भन्ने हल्ला निराधार रहेनछ भन्ने पत्याए ।

निरीक्षणदलको नेतृत्व गर्नुभएका राष्टिय योजना आयोगका सदस्य भीमप्रसाद न्यौपाने भन्छन्- 'त्यहाँ पुगेका झन्डै २२ जना स्थानीय विकास अधिकारीहरूमध्ये एकजनाले मात्र दुई वर्ष बिताएका रहेछन् । त्यहाँ पुग्नासाथै उनीहरूलाई कसरी जिल्लाबाहिर जान पाइन्छ भन्ने छटपटी हुन थाल्दो रहेछ । अनि उनीहरू नेपालगन्ज, काठमाडौंजस्ता ठाउँमा सेमिनार मिलाएर बाहिर उम्किँदा रहेछन् । विकासे प्रतिनिधिको हालत यस्तो छ भने विकासको हालत कस्तो होला ।'

जुम्लाको शिक्षामा राज्यको लगानी बर्सेनी १४ करोड रूपियाँ छ । तर प्रवेशिका ( एसएलसी) परीक्षामा ३२ जना मात्र उत्तीर्ण हुनुले त्यस लगानीको शैक्षिक प्रतिफलका बारेमा उनीहरूको मुल्याङ्कन सकारात्मक रहेन । त्यति मात्र होइन, लास पोष्टमार्टम गर्नु परे नेपालगन्ज वा सुर्खेतबाट मेडिकल अधिकृत कैयौं दिन कुरेर झिकाउनुपर्ने बाध्यता कर्णालीमा अहिले पनि छ । स्याउका बिरूवा किसानलाई वितरण गरिन्छ, तर बिरूवा उम्रियो कि उम्रिएन, फल्यो कि फलेन, कति फल्यो कोही पनि अनुगमन गर्न जाँदैनन् । कर्णालीको विकासको वस्तुस्थिति निरीक्षण गर्न त्यहाँ गएको टोलीले यस्ता अनगिन्ती तीता उदाहरणहरू फेला पार्‍यो ।

कर्णालीमा सिमेन्ट पुग्दा प्रतिबोरा चारदेखि साढे चार हजार रूपैयाँ पर्ने गर्दछ । हरेक गाउँ विकास समितिलाई राज्यले १० लाख रूपियाँ अनुदान दिने गर्दछ । नेपालगन्ज वा सर्लाहीको कुनै गाउँमा एक लाखले एउटा सानो विकास आयोजना सम्पन्न हुन्छ । तर विकासखर्च महँगो पर्ने भएकाले कर्णालीमा १० लाख रूपियाँमा मुस्किलले एउटा सानो आयोजना पूरा गर्न सकिन्छ । आयागका सदस्य न्यौपानेले भने- 'सिंहंदरबारको कोठाको नक्सामा नेपाललाई समान देख्ने गरेका छौं । समान रकम वितरण गर्दा विकास पनि समान भइहाल्छ भन्दै विकासको मापदण्ड समान राख्यौं । अब त्यो सोचको काम छैन भन्ने कुरा त्यहाँ पुगेर हामीले महसुस गर्‍यौं ।'

समग्रमा भन्न सकिन्छ- कर्णालीको विकासका लागि राज्यले बर्सेनी ठूलो रकम विनियोजन गर्दछ । तर खाद्यान्न अनुदानमा उपलब्ध हुन्छ लक्षित वर्गसम्म पुग्न सकेको छैन । अनुदानको खाद्यान्न एउटा घेराभित्र मात्र घुमिरहँदो रहेछ, लक्षित वर्ग सधैं भोकभोकै । यस वर्षको वजेट कार्यक्रममा सरकारले २५ करोड रूपियाँ खर्चिएर ६० हजार सौर्य टुकी वितरण गर्ने, एक परिवार एक रोजगार अभियानअन्तर्गत रोजगारी नपाएका परिवारका एक सदस्यलाई प्रतिदिन ५० रूपियाँका दरले वार्षिक एक सय दिनको रोजगारी उपलब्ध गराउनेलगायतका योजनाहरू अघि सारिएका छन् । तर कर्णालीवासीहरू खाद्यान्न अनुदान दिनुको सट्टा त्यो रकम बाटोमा लगानी गरियोस् भन्ने चाहन्छन् । बाटो बनेपछि सस्तो चामल खान पाइन्छ भन्ने आत्मविश्वास उनीहरूमा छ । टुकीका लागि खर्च गरिने रकमले २५ वटा लघुजलविद्युत् आयोजना सजिलै निमार्ण गर्न सकिन्छ । सित्तैमा भत्ता वितरण गर्दा परालम्बी बनिने डरले सडक निमार्ण वा कुनै विकाससम्बन्धी काममा लगाएर ज्याला दिनुपर्छ भन्ने धारणा कर्णालीबासीले व्यक्त गरेका छन् । र सोही अनुसार सरकारले पनि स्वीकारेको छ ।

कर्णालीको भनाइ र चाहाना बुझेपछि राष्ट्रिय योजना आयोग चालु बजेटको कार्यक्रमलाई पुनरावोलकन गर्ने निर्णयमा पुगेको छ । साथै त्यहाँको विकासका लागि एक स्वायत्त निकाय गठन गर्नुपर्ने ठहर त्यसको छ । आयोगका सदस्य न्यौपानेका भनाईमा कर्णालीको विकासका लागि योजना आयोगले  त्रिवर्षीय योजना गर्न थालेको छ ।

# राजनीतिक नेतृत्व अवसरवादी

यति बेला आवजविहिन छ कर्णाली । यो अहिलेको मात्र समस्या होइन । राणा शासनदेखि प्रजातन्त्र हुँदै पञ्चायत र त्यसपछिका दिनमा पनि समस्या एउटै हो कर्णालीका नेताको अडान नुहुनु । यहाँका नेता हावा जता चल्यो आफ्नो स्वार्थका लागि त्यतै पल्टिदिने पीपलपाते गुणमा निपूर्ण छन् ।

प्रजान्त्र पुनःस्थापनपछि केन्द्रले कर्णालीलाई केहि गरे जस्तो गर्न खोजे पनि यिनै नेताहरूको छेपारे प्रवृत्तिका कारण केन्द्रले दिएका अवसर उपयोग हुन सकेनन् । २०४६ सालअगाडि जति पञ्चहरूको प्रभुत्व थियो, ०४६ पछि पनि तिनकै हालीमुहाली रह्यो । प्रजातन्त्रपछि पनि कर्णालीका जनताका लागि राजनीतिक परिवर्तन आएन । केन्द्रमा पाउन सकिने अवसरहरूलाई व्यक्तिगत स्वार्थका लागि दुरूपयोग गर्न सक्ने क्षमतालाई नै कर्णालीका नेताहरूले उपलब्धी माने । यो चलनले निरन्तरता पाउने क्रम अहिले पनि जारी छ ।

अहिले मुलुकभरि चलेको जनआन्दोलनको तौल नाप्ने क्रम र दोषीमाथि कारबाहीको माग हुँदा कर्णालीको आवाज संसदमा मन्द छ । मुलुकले अग्रगमनतिरको पाइला चाल्दै गरिरहेका बेला कर्णालीका नेतृत्व वर्गमा देखिने अस्थिरताले कर्णालीमा राजनीतिक रिक्तताको सम्भावना झनै बढेको बताउँछन् कर्णालीवासी । अवसरको खोजीमा मात्र लागिरहने नेतृत्व वर्गका लागि असोज १८ र माघ १९ पछिको समय नौनी खाने अवसर सावित भयो । पाँच जनाको मात्र प्रतिनिधित्व भएको अञ्चलमा दुईजना कारबाहीमा परिसकेको अवस्थामा केन्द्रका लागि अवाज उठाउने र नीति नियम बनाउनेमा कर्णालीको भूमिका झन् शून्य देखिएको छ ।

भक्तबहादुर रोकाया (जुम्ला), हस्तबहादुर मल्ल (मुगु) र मोतीप्रसाद पहाडीजस्ता अवसरवादी र दरवारपरस्तहरूले देखाएको चरित्रबाट वाक्क भएर उनीहरूलाई पाखा लगाइसकेपछि पनि मण्डले प्रबृत्तिहरूकै हावी छ । जतिखेर पनि परिवर्तन हुन सक्छन् र अञ्चलमा सिद्धान्तमाथि अडिग हुनेहरूको अभाव छ ।

नेताहरूमात्र होइन कर्णालीका नौनी मानिने डा.कुलबहादर रोकाया र रत्नाकर देवकोटाजस्ता व्यक्तिहरू पनि प्रतिगमनको नौनी खानै रमाए । यिनीहरूले पनि कर्णालीमा देखिने राजनीतिक अस्थिरतालाई मलजल गरेको आरोप छ जनताको, तर अञ्चलमा पकड बनाउनका लागि प्रशासन र प्रहरी प्रशासनको मात्र चाकडी गर्ने नेताहरूको परिपाटीकै कारणले नेतृत्वमाथिको विश्वास हटेको दाबी गर्छन् पछिल्लोचोटि राजाको कदमको समर्थन गरेर प्राज्ञा बनेका रत्कार देवकोटा ।

प्रजातन्त्र प्राप्तिपछि पनि राजनीतिक विचलनको बढी सिकार कर्णाली नै बनेको स्विकार्दै मजदुर किसान पार्टीबाट विजयी तर २०५२ मा एमालेतिर लागेका डिल्लीबहादुर महत भन्छन् हामीमा अडान कम छ, हामीले पनि आत्ममूल्यांकन गरेका छौं।

'हामी आन्दोलनमा सरिक भएनौ भन्नको मतलब हामी सधैं राजा परस्त हौं भन्न मिल्दैन, विचारको भिन्नता हामीले राख्न पाउँछौ, तर हामी जनताको पूजा गर्छौं," जितको श्रेयमाथि दाबी गर्दै डोल्पाका सदावहार नेता नरबहादुर बुढा भन्छन् ।

प्रजातन्त्र पुनःस्थापनालगत्तै नेपाल मजदुर किसान पार्टीको पकड मानिएको कर्णालीमा डिल्लीबहादुर महत रोहितलाई धोका दिएर एमाले बने, तर धोका दिने क्रम रोकिएन र अन्ततः एमालेको सिद्धान्तमाथि बुई चढेर नेतृत्व गरेकाहरू समेत मण्डले बने । "रोहितसँग सिद्धान्त नमिलेका कारणले मैले नेमकिपा त्यागें, एमालेमा जानुबाहेक मेरो उतिबेला विकल्प पनि थिएन", पार्टी त्याग्ने परिपाटी सुरू गर्ने डिल्लीबहादुर महत भन्छन् । कर्णालीलाई प्राथमिकतामै पारेर एमालेले दिएको अवसरको सदुपयोग गर्दै केन्द्रमा आएर मन्त्रीसम्म बनेका प्रेमबहादुर सिंह असोज १८ पछि एमालेलाई नै लात्ती हानेर राजाको कित्तामा पुगे ।

"अब हामीलाई केन्द्रले समेत भन्ने मौका पाएको छ," कर्णालीभित्रको राजनीतिलाई दुई दशकदेखि नजिकबाट हेरिरहेका दल रावल भन्छन् । प्रेमबहादुर सिंह, नरबहादुर बुढाथोकी, यज्ञराज न्यौपाने, दत्त रोकाया, छक्क बहादुर लामा चक्र फडेराजस्ता नेताले माघ १९ को राजाको कदमलाई समर्थन गरेर छेपारे प्रवृत्ति नै देखाए । २०४८ मा डोल्पाबाट कांग्रेसको नेतृत्व गरेर जितेका क्याबु बुढा, मुगुका पदमराजजस्ता आदर्श नेताहरू पनि मण्डले कित्तामा गए ।

केन्द्रबाट पाएको शक्तिको दुरूपयोग गर्नेमा डोल्पाका नेता नरबहादुर बुढा अग्रणी छन् । राजाका बफादर हुँदाहुँदै पनि विजय हासिल गर्नका लागि मात्र एमाले निकट बनेका बुढालाई अहिले पार्टीले साधारण सदस्यतासमेत नपाउने गरी कारबाही गरेको छ । आफ्नो छेपारे प्रवृत्ति देखाउँदै बुढा भन्छन् "जनआवाज र जनआन्दोलनप्रति हाम्रो कहिल्यै नकारात्मक धारण रहेन ।"

"स्थिर भएर बस्ने नेता कर्णालीमा कमै छन् । अञ्चलमा राजनीतिक खडेरी देखियो र विचारमा अडिगपना पनि देखिएन । यो हामी नेताहरूका लागि लाजमर्दो अवस्था हो" लामो समयदेखि आफ्नो सिद्धान्तमा अडिग रहेको दाबी गर्ने कालिकोटका पूर्व सांसद तिलक न्यौपाने भन्छन् ।

कर्णालीमा देखिने ढुलमुले नेतृत्वको अभाव पूर्ति गर्न एमालेले कालिकोटका प्रेमबहादुर सिंहलाई छान्यो । कालिकोटबाट केन्द्रमा पुगेर सही स्थान र शक्ति पाउँदा पनि अवसरकै खोजीमा दौडिएपछि उनीमाथिको विश्वासलाई एमालेले त्याग्नै पर्‍यो । अहिले जनता र पार्टीकै लागि कर्णालीमा राजनीतिक रिक्तता महसुस हुन थालेको अवस्था छ ।

प्रतिनिधिसभा पुनःस्थापना भएपछि मूलुकको १५ प्रतिशत भूभाग ओगटेको क्षेत्रका लागि तीनजना संसदले मात्र नेतृत्व गरेको अवस्था छ । नयाँ संविधानको आवाज बुलन्द बनिरहेका बेला १५ प्रतिशत भूमि ओगटेको क्षेत्रका लागि राजनीतिक अपूर्णता मात्र होइन, सरकारको भागबन्डामा समेत कर्णालीका कोटा खाली रहेको छ ।

कालिकोट जिल्लाबाट नेपाली काँग्रेसमा संलग्न भई प्रतिनिधिसभा र राष्ट्रिय सभाको सदस्य भई सकेका तिलक प्रसाद न्यौपानेसित कर्णालीको राजनीतिकका विषयमा गरिएको कुराकानी:

- *कर्णालीका नेताहरू अवसरवादी किन ?*

वास्तवमा कर्णाली भनेको अवसरवादीहरूको अखडा हो । पहिलो कुरा, कर्णालीमा राजनीति गर्नेहरू सिकारू छन् । सिकारूहरूले आफ्नो स्थवार्थपूर्तिको लागि राजनीति गरेका छन् । दोस्रो, त्यहाँ पञ्चायतकालमा राजनीति गरेकाहरू अवसरको लागि राजनीति गर्न बानी परेका छन् । तिनीहरू बहुदल आएपछि विभिन्न पार्टीमा प्रवेश गरेका थिए, जसले गर्दा अहिले कर्णालीको राजनीति बदनाम भएको छ ।

- *तपाईं दुईपटक सांसद हुनुभयो, कर्णालीका लागि ठोस योगदान के दिनुभयो ?*

नेपालमा सामन्ती संस्कृति हावी छ । यो प्रवृत्ति हावी रहेसम्म कर्णालीको लागि कसैले काम गर्छु भनेर गर्न सक्दैन । मैले धैरै काम गरेँ, गर्ने सोचमा पनि थिए । तर सरकारले कर्णालीलाई गर्ने सौतेली व्यवहारले गर्दा सवै काम गर्न पाइएन ।

- *सांसद जस्तो मान्छेले सरकारलाई दोष लाउन मिल्छ र ?*

हाम्रो गल्ति भए मिल्दैन, गल्ति नभए मिल्छ । प्रजातन्त्र पुनर्स्थापनापछि कुनै पनि दलले कर्णालीका प्रतिनिधिलाई सरकारमा लिन रूचाएनन् । हामीहरूसँग सरकार हाँक्ने क्षमता नभएको होइन, तर कर्णाली भन्नेवित्तिकै राजनीतिक दलहरूले नाक खुम्च्याउने गरे । अनि कसरी गर्ने हामीले काम ?

- *कर्णालीको विकासका लागि के गर्नुपर्ला ?*

पढेलेखेका युवाहरू राजनीतिमा आउनुपर्छ । कर्णालीको लागि केही गरौं भन्ने भावना लिएर राजनीतिक संस्कृतिको विकास गर्नुपर्छ । राजनीति नै देशको मूल नीति हो । यदि राजनीतिक रूपमा कर्णाली सक्षम हुने हो भने कर्णालीको विकास धेरै टाढा छैन । पढे लेखेका युवाहरूले कर्णालीको विकासको खाका कोर्नु पर्छ । त्यो खाकालाई जनतासमक्ष ल्याउन सके कर्णालीको विकास हुन्छ ।

## कर्णालीमा मिडिया

कर्णाली प्रदेशबारे मिडियाको ध्यान भोकमरी, महामारी, माओवादी आक्रमण र सरकारी प्रत्याक्रमणका दुखान्त घटनाहरूका बेलामा जाने गर्छ । कर्णालीको यस्तो विपन्नतालाई हेर्ने र अर्थ्याउने केही बनि बनाउ बौद्धिक, प्राज्ञिक र अखवारी दृष्टिकोणहरू छन् जुन धेरै हदसम्म अपार्याप्त र त्रुटिपूर्ण देखिन्छन् ।

एकथरिले भौगोलिक रूपले दुर्गम भएकाले कर्णाली अञ्चलका पाँच जिल्ला अर्थात् पुरानो जुम्ला राज्य अविकसित भएको हो भन्छन् । जुन एउटा निश्चित राजनीतिक, आर्थिक र सास्कृतिक केन्द्र सापेक्ष दृष्टिकोणमात्र हो । पर्याप्त राजनैतिक चाहाना भए मरूभूमिको इजरायल र डाडाकाँडाले ढाकेको स्वीजरल्याण्डको प्रगति कसरी हुन सक्थ्यो यसैले भूगोलले कदापि होइन भन्छन् मानवशास्त्री शौभाग्य शाहा ।

पाँच बटा जिल्लाको प्रतिनिधित्व गर्ने यो अञ्चल २१ हजार तीन सय ५१ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । यस क्षेत्रभित्र ३ लाख ९ हजार ८४ जनताको वसोवास छ । तर यस अञ्चलका वासिन्दा बाटो, बिजुली र विचार अर्थात सञ्चारको सुविधा पाउने इच्छा कल्पनामा मात्र सिमित पार्न बाध्य छन् । कर्णालीका लागि धेरै योजना बनाइए विडम्वना ती योजनाहरू काजबाट बाहिर आउन सकेनन् । यी कुराहरूलाई कर्णाली जनतासम्म पुऱ्याउने सञ्चार माध्यमको जहिले पनि कमि नै रऱ्यो । स्थानीय तहमा काम भइसकेको देखाएर रकम निकासा गर्ने कामहरू भए, तर काम हुन सकेनन् । कर्णालीको स्वरूप सयौ वर्षदेखि यथावत् रहन पुग्यो । गैरसरकारी संस्था पनि कर्णालीका लागि इमानदार बन्न सकेनन् । काठमाण्डौं र नेपालगञ्जका पत्रकारहरूलाई घुमाउन लगि आफूले गरेका कामको प्रचार प्रसार गर्न मात्र लगाए । त्यहाँका वास्तविक समस्या र संभावनालाई सञ्चार माध्यममा ल्याइएन । अतः कर्णालीलाई सम्पन्न बनाउने प्रतिबद्धता व्यक्त गरेकाहरूको चरित्र र इमानदारी कर्णालीबासीको लागि छर्लग भएको छ । कर्णालीको समस्यालाई समेट्ने प्रयास गरिएन भने र मिडियाको भूमिका नरहे द्वन्द्वले अर्को स्वरूप लिन सक्ने तर्फ ध्यान दिनु आवश्यक छ ।

हरेक क्षेत्रमा पछि परेको कर्णाली मिडियाका पक्षबाट पनि पछि छ । नेपाल पत्रकार महासंघले समेत कर्णाली जिल्लालाई सौतेनी व्यवहार नै गरेको भन्न करै लाग्छ किनकी अहिलेसम्म हुम्ला र जुम्लामा मात्र जिल्ला शाखाको लागि स्वीकृती दिएको छ । राजधानीका पत्रपत्रिका, रेडियो, टेलिभिजनहरूमा काम गर्ने कर्णालीका पत्रकारहरूको केन्द्रमा बस्ने पत्रकारहरूको हितका लागि काम गर्ने संघ संस्थासित र नेपाल पत्रकार महासंघ सित पनि सम्पर्क हुँदैन । कर्णालीका जिल्लाबाट प्रकासित हुने पत्रपत्रिकाहरू छाप्नको लागि नेपालगञ्ज र सुर्खेत आएर छाप्नु पर्ने बाध्यता त छँदैछ । तर घाम लागे मात्र चल्ने टेलिफोनले समेत जिल्ला बाहिर सम्पर्क गर्न कठिन हुन्छ । इमेल इन्टरनेटको त कल्पनै गर्न सकिदैन । टेलिफोन गर्न एक दिनअघि नाम दर्ता गराउनु पर्ने चलन अहिलेसम्म कायमै छ । जिल्लाभरि सर्वसाधारण सरकारी कर्मचारी सबै प्रयोग गर्ने एक लाइन टेलिफोनले जिल्लामा बसेर राजधानीका मिडियामा समाचार पठाउने स्थानीय समचारदाताहरूले कसरी समचार पठाउन सक्छन् होला ? सहजै अनुमान गर्न सकिन्छ । राजधानीका मिडियाले समाचार वापतको पैसा नदिने भएकाले पत्रकारहरू जिल्लामा बसेर

पत्रकारिता पेशालाई छोडेर अर्को पेशा अगाल्न बाध्य छन् । राजधानीबाट प्रकाशित हुने पत्रिकाहरू कर्णालीमा पुग्न एक हप्ता लाग्छ । त्यो पनि हेलिकप्टर र प्लेन गयो भने मात्र सम्भव हन्छ । ती पत्रपत्रिका सर्वसाधारणका लागि भने होइनन् । जिल्ला सदरमुकाम बस्ने सरकारी कर्मचारीहरूका लागि मात्र आउने गर्दछन् । माओवादीले पुल, बाटोघाटो भत्काएकाले अहिले सम्म पनि हुलाक सेवा भने सुचारू हुन सकेको छैन ।


| जिल्ला | पत्रकार संख्या | कियासिल पत्रकार | टेलिफोन | फ्याक्स | हुलाक सेवा | कैफियत |
|---|---|---|---|---|---|---|
| जुम्ला | १७ | ६ | ७ | छैन | ३१ बन्द | |
| हुम्ला | २४ | ८ | १६४ | १५ (तर पत्रकार लागि छैन) | १ | |
| डोल्पा | २ | २ | १५२ | १०(तर पत्रकारका लागि छैन) | १८ बन्द | |
| मुगु | ७ | ४ | १३ | छैन | १ | |
| कालिकोट | १९ | ३ | १० | छैन | १ | |

*पत्रकार महासंघ जिल्ला शाखाबाट*

## प्रेस काउन्सिलको प्रतिवेदनमा कर्णालीमा मिडिया

| जिल्ला | दैनिक | साप्ताहिक | पाक्षिक | जम्मा |
|---|---|---|---|---|
| डोल्पा | | | १ | १ |
| जुम्ला | | १ | | १ |
| कालिकोट | | १ | | |
| मुगु | | | | |
| हुम्ला | | | | |

**नोट :- जुम्लामा कर्णाली एफएम अञ्चलकै एउटा (नियमित छैन)**



## कर्णालीको पीडा र मुक्तिका उपाय

वि.स. १८४६ मा गोर्खाली सेनाको अधिपत्य हुनुअघि बाइसे राज्यहरूमा सबैभन्दा शक्तिशाली र सम्पन्न मानिएको जुम्ला राज्य अर्थात अहिलेको कर्णाली अञ्चल महामारी र भोकमरीको पर्याय बनेको छ । यहाँको स्थिति वास्तवमै ज्यादै विकराल छ । सन् १९९८ मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनले कर्णालीलाई सबै हिसाबले देशको सबैभन्दा पछाडि परेको क्षेत्र भनेर देखाएको छ । राष्ट्रिय औसत आयु ५५ वर्ष, राजधानीको औसत आयु ६७ वर्ष हुँदा मुगु जिल्लाको मात्र ३६ वर्ष छ ।

कर्णालीको यस्तो विपन्नतालाई हेर्ने र अर्थ्याउने केही बनिबनाउ बौद्धिक, प्राज्ञिक र अखबारी दृष्टिकोणहरू छन्, जुन धेरै हदसम्म अपर्याप्त र त्रुटिपूर्ण देखिन्छन् । एकथरिले भौगोलिक रूपले दुर्गम भएकाले कर्णाली अञ्चलका पाँच जिल्ला अर्थात् पुरानो जुम्ला राज्य अविकसित भएको हो भन्ने भनाई गलत छ । भौगोलिक कठिनाई वा विकटता भन्ने कुनै निरपेक्ष यथार्त होइन, यो त एउटा निश्चित राजनैतिक आर्थिक र सांस्कृतिक केन्द्र सापेक्ष दृष्टिकोण मात्र हो । पर्याप्त राजनैतिक चाहना भए भौगोलिक कठिनाईलाई सजिलै हटाउन सकिन्छ । त्यसो नहुने भए मरूभूमिको इजरायल र डाँडाकाँडाकाले ढाकेको स्वीट्जरल्याण्डमा प्रगति कसरी हुन सक्थ्यो ? यसैले भूगोलले कर्णालीको उन्नतिमा वाधा हालेको कदापि होइन ।

यस्तैगरी, अर्थशास्त्री र संस्कृतिवादीहरूको कर्णाली बारे एकोहोरो विश्लेपण छ । यहाँ पूँजी निमार्ण हुन सक्दैन, त्यसैले यो क्षेत्र गरीब छ भन्ने तर्क अर्थशास्त्रीहरूले अघि सार्ने गरेका छन् । त्यस्तै संस्कृतिवादीहरू यहाँको गरिबीको संस्कारलाई विपन्नताको कारण ठान्छन् । उनीहरूका अनुसार घोर अशिक्षा, अन्धविश्वास र गरिबी नै कर्णाली विकासमा अग्रसर हुन र राष्ट्रिय प्रवाहमा सरिक हुन नसकेको हो । यस अर्थमा संस्कृतिवादी दृष्टिकोण पनि पीडितलाई नै एक किसिमले दोषी ठहऱ्याएको देखिन्छ

मानवशास्त्री डोरबहादुर विष्टले कर्णालीको पछौटेपनलाई यहाँका तागाधारीहरूले मतवाली क्षेत्रीहरूमाथि गरेको भेदभाव र शोषणको उपज भएको देखाउन खोजेका छन् । यस भनाइमा आंशिक सत्यता छ । निश्चय पनि छुवाछुत, जातिगत भेदभाव र यहाँका महिलाको स्थिति ज्यादै दयनीय छ । यी सुधार्नै पर्ने विषयहरू हुन् । तर उनले देखाउन खोजेजस्तो माथिल्लो जात र मतवाली क्षेत्रीहरूको अन्तरविरोध मात्र सम्पूर्ण कर्णाली प्रान्तको दुर्गतिको कारक भने होइन । जातकै मात्र सवाल हुदो हो त यहाँका ठूला जात भनाउँदाले यस्तो प्रगति गरेको भेटिनुपर्थ्यो । यहँसम्म कि नागरिकता, राहदानी र प्रमाणपत्रहरू तयार गर्दा पनि कर्णालीवासीहरूले ठूलै झमेला खेप्नुपर्छ । यहाँ कागजहरू प्रमाणित गरिदिने राजपत्राङ्कित अधिकृतहरूले उनीहरूलाई चिनेका हुँदैनन् । आफू जुम्ली (कर्णालीवासी) भएको कुरालाई अनेक जी, हजुरी चढाएर बाहिरका अधिकारीहरूबाट आधिकारिक बनाउनुपर्ने स्थिति छ ।

एकातिर राज्य संरचना र सत्ताबाट सम्पूर्ण कर्णालीलाई पाखा पारेर त्यस क्षेत्रको राष्ट्रिय जीवनमा हुनसक्ने सहभागितालाई लाजमर्दो रूपले न्यून पारिएको छ । अर्कोतिर एक प्रकारको सरल विश्लेषणले अन्य सबैखाले जटिलता र अन्तरविरोधलाई ओझेलमा पारेर नेपालमा शक्ति, स्रोत र सत्तामा बाहुनक्षेत्री को हालीमुहाली छ भन्ने व्याख्या हुने गरेको छ । बिडम्बना भन्नुपर्छ, सम्पूर्ण कर्णाली क्षेत्रबाट एउटा शाखा अधिकृतसम्म छैन । यस्तो व्याख्याले वाहुन, क्षेत्री, भोटे, मतवाली वा अछुत जुनसुकै जातको कर्णालीबासीको घाउमा नून छर्कने काम मात्र गर्दछ ।

पूर्वका बाहुन क्षेत्री (विशेष गरेर बाहुनहरू) ले उपभोग गर्दै आएको राजनीतिक, प्रशासनिक र सत्ता एकाधिकारको गाली मात्र बेहोर्न परेको छ कर्णालीले, बाहुन-क्षेत्री बहुल प्रान्त भएकै कारण । नेपालका अन्य जातजातिहरूले पनि राष्ट्रिय जीवन र राज्य संरचनामा विभिन्न क्षेत्रमा प्रवेश पाउँदै आएका छन् । उदाहरणका लागि मगर, गुरूङ्ग, राई, लिम्बूहरूको प्रहरी र सेनामा उल्लेख्य उपस्थिति छ । राज्य भेदभावबाट दोस्रो दर्जाको नागरिक हुन गएको दाबी गर्ने र संविधान जलाउने तराईबासीहरूको पनि उच्च प्रशासनिक, प्राविधिक र राजनैतिक क्षेत्रमा प्रशस्त सहभागिता छ । विभिन्न जातिहरूले व्यवसायिक रूपमा पनि आ-आफ्नो विशिष्ट स्थान ओगटेका छन् । जस्तैः- पर्यटनमा शेर्पा, व्यापारमा थकाली, नेवारी, मारवाडी विदेशी सेनामा मगर, गुरूङ्ग, राई, लिम्वु आदि ।

आफ्नो सङ्ख्याको अनुपातमा प्रशासनिक, राजनीतिक, आर्थिक, प्राज्ञिक र प्राविधिक क्षेत्रमा सबैभन्दा अगाडि रहेको नेवार जातिलाई पनि राज्यले सुविधायुक्त व्यवहारको लागि सूचीबद्ध गरेको छ । यस परिप्रेक्ष्यमा कर्णालीमा अधिकांश जनसङ्ख्या बाहुन क्षेत्री भएकै कारण राज्यको विशेष दायित्व अनावश्यक ठहरिएको हो त ?

तर, यसप्रकारको विश्लेषणले कर्णालीको कहालीलाग्दो स्थितिको लेखाजोखा गर्न सम्भव छैन । कर्णाली प्रदेशको विशेष परिस्थिति र यसका पतनका कारक प्रकियाहरूलाई कोट्याउने र समाधानका उपायहरू प्रष्ट्याउन ऐतिहासिक रूपले यस क्षेत्रको राजनैतिक अर्थतन्त्रलाई आलोचनात्मक ढङ्गबाट केलाउनु र यस प्रान्तको राज्यसँगको सम्वन्ध खोतल्नु आवश्यक छ । वि.स. १८४६ पूर्वको आत्मनिर्भर र आत्मविश्वासको स्थितिबाट कर्णाली अहिलेको जर्जर अवस्थामा रूपान्तरण हुनमा त्यसै कालखण्डका दुई वटा घटनाक्रमहरू जिम्मेवार छन् । उदयमान युरोपेली पूँजी र प्रविधि हिन्दुस्तान हुँदै हालको नेपाली पहाडी भू-भागमा बजार र बस्तुमार्फत प्रवेश गर्दै आत्मनिर्भरताका सम्भावनाहरूलाई क्षीण पार्दै लग्यो । यसै परिस्थितिमा भएको गोर्खाली विजयले कर्णालीका अवन्नतिलाई सुतिश्चित तुल्यायो ।

जुम्ला राज्य अर्थात् वर्तमान कर्णाली अञ्चल गोरखाको विस्तार अभियानलाई सहज स्वीकार नगर्ने थोरै राज्यहरूमा पर्दछ । अन्तिम पटकको लडाईमा पराजित भएपछि जुम्लीहरूको अन्य नेतृत्व वर्ग पनि तितरवितर हुनगयो । थुप्रै पटक महँगो प्रतिरोध सहनु परेकाले गोरखालीहरूको उनीहरूप्रति वक्रदृष्टि पर्नु स्वाभाविकै थियो ।

यस पराजयको घटनापछि कर्णाली क्षेत्र राजनीतिक र सांस्कृतिक नेतृत्वविहीन अवस्थामा रह्यो । स्थानीय राज्य व्यवस्था र नेतृत्वलाई समाप्त गरेपछि केन्द्रले बडाहाकिम र कर्मचारी पठाएर भर्खरै विजय गरिएका प्रदेशको शासन संचालन गर्ने परम्परा बसाल्यो । गाउँ घरका ठालू भलाद्मीलाई मुखिया, जिम्मवालीको अर्धऔपनिवेशिक प्रशासनको प्रचलन स्थापना भयो । यो नौलो व्यवस्थामा स्थानीय चाहना र नेतृत्व मुखरित हुन सक्ने सम्भावना थिएन । गाउँघरका ठालू भलाद्मीहरूले केन्दीय राज्य संरचनामा प्रवेश पाउन असम्भव थियो । उनीहरू जुम्लामा आउने बडाहाकिमभन्दा माथिको राज्य सम्पर्क कल्पना पनि गर्न सक्दैनथे ।

यस यथार्थले कणालीको प्रगतिमा ठुलो अंकुश लगाएको स्पष्ट हुन्छ । हुन त जुम्लाको तत्कालीन पराजित नेतृत्व वर्गले सामन्तवादी राज्यव्यवस्थामा प्रवेश पाएको भए पनि यसबाट मूलतः तत्-तत् भारदार र रजौटाहरूको व्यक्तिगत र पारिवारिक स्थितिमा नै सुधार हुने थियो । तैपनि यसबाट केन्द्रीय राज्य संरचनाहरूमा स्थानीय व्यि क्तहरूको सहभागिता र पहुँचका अन्य थुप्रै सम्भावनाहरू रहने थिए ।

समाजशास्त्रीय दृष्टिकोणमा नेपाली सन्दर्भमा परिवार भन्नाले सीमित रगतको साइनो मात्र नभएर बृहत सामाजिक जालोलाई पनि मान्नु पर्छ, जसले राज्य पहुँचबाट फाइदा लिन सक्छ । यसको एउटा दृष्टान्त बझाङ देख्न सकिन्छ । अरूभन्दा अलि सहजै गोरखा राज्यमा विलय भएकोले सीमित स्वायत्तता दिएर बझाङी राजालाई यथावत् राखिएको थियो । यही स्वायत्तता र काठमाडौं दरबारसँगको सम्पर्कको उपयोग गर्दै राजा जय पृथ्वीबहादुर सिंहले अघिल्लो शताब्दीमै बझाङ चैनपुरमा एउटा पाठशालाको स्थापना गरेका थिए । सुदुरपश्चिममा त्यसताका यस्तो पाठशालाको कल्पना पनि गर्न सकिदैनथियो । कर्णालीभन्दा भौगोलिक रूपले बढी विकट र दुर्गम भए पनि यस विद्यालयबाट फैलिएको शिक्षाको ज्योतिले सानै भए पनि एउटा शिक्षित वर्ग तयार गर्‍यो, जसले कालान्तरमा नेपालको केन्द्रीय न्यायिक, प्रशासनिक र सैनिक सेवामा प्रवेश पाउन सक्यो । हाल बझाङ जस्तो जिल्लामा सडक पुग्ने, तर कर्णालीमा नपुग्नु कुनै संयोग मात्र होइन ।

राज्य संरचना र व्यवस्थामा पकड भएको वर्गले राज्यको साधन, स्रोत र अवसरहरू आफ्नै वर्ग र क्षेत्रमा लगानी गर्नु स्वाभाविक हो । यस्तो अवस्थामा एउटा शाखा अधिकृत पनि नभएको क्षेत्रले केन्द्रीय साधन स्रोत कसरी आकर्षित गर्ने ? विभिन्न अप्ठ्यारा भए पनि हाल कर्णालीमा स्नातक उत्तीर्ण एउटा जमात तयार भइसकेको छ । यी युवाहरूले पटक पटक लोक सेवा, प्रहरी सेवा वा नेपाली सेनामा परीक्षा दिँदा पनि हालसम्म नगण्य संख्यामा राज्य सेवामा प्रवेश पाउनुले त्यही ऐतिहासिक अविश्वासतिर त इङ्गित गर्दैन ?

विभिन्न सामाजिक, राजनैतिक, आर्थिक र प्रशासनिक प्रक्रिया र व्यवहारबाट के झल्किल्छ भने केन्द्र र कर्णाली बीच १८४६ मा खनिएको खाडल पुरिनुको सट्टा क्रमशः बढ्दो छ । अझै पनि कर्णालीका दरा कन्दराहरूमा गाउँलेहरू सरकारी कर्मचारी र बाहिरियाहरूलाई गोर्खाली भनेर चिन्दछन् र आफ्नो परिवारको पेट बाँधेर भए पनि सरकारी खर्च पालो लगाएर (सरकारी कर्मचारीलाई खानेकुरा खुवाउन) बाध्य भएको महसुस गर्दछन् । अञ्चल र जिल्लास्तरका कार्यलयमा हाकिमहरू प्रायः बाहिरबाटै आउँछन् भने जुम्लीहरू यी कर्मचारीहरूका पिउन र भान्छे बन्ने प्रतिस्पर्धा गर्दछन् । यस प्रकारको शक्ति, ऐश्वर्य, प्रतिष्ठानको अन्तरले गर्दा बाहिरबाट कर्णाली जाने वा यसका बारेमा चिन्ता गर्ने प्रशासक वा विकासे एन.जी.ओ.वालाहरू जो भए पनि उनीहरूको अचेतनकै धरातलबाट जुम्लीहरू प्रति दुई प्रकारको भाव उत्पन्न हुन्छः घृणा या दया । कर्णालीवासीहरू कहिल्यै पनि उनीहरू समान ठानिन् ।

इतिहासको यो नपुरिएको घाउबाट शासक वर्ग मात्र होइन जुम्लीहरू पनि त्यत्तिकै ग्रसित छन् । बाहिरबाट आउने शासकहरूले उनीहरूलाई दिने गरीब, पछौटे, असभ्य, फोहोरी भन्ने उपमालाई कर्णालीवासीहरूले अर्धचेतन अवस्थामै आत्मसात् गरिसकेका छन् । कर्णालीवासीहरू ज्यादै निराश छन्, आफ्नो उत्थानको लागि आफैँ पहल गर्नुपर्छ भन्ने आत्मविश्वासको अभाव छ ।

राज्यबाट समान व्यवहार र राष्टिय मूलधारमा प्रवेश पाउनु सामान्य नागरिक अधिकार हो, दान होइन भन्ने मान्यता उनीहरूमा छैन । बरू अधिकांश जुम्लीहरू त्यस क्षेत्रप्रति राज्यको दायित्व भनेको प्रत्येक वर्ष नियमित बन्न गएको खाद्यान्न सङ्कट र महामारी टार्न १०/२० खेप जहाजबाट चामल र नून पुऱ्याउनु हो भन्ने ठानिरहेका छन् । यस्तो आपत्कालीन उद्धारबाहेक कर्णालीमा सरकारी वा गैर सरकारी क्षेत्रबाट विकासको दिगो पूर्वधारको काम अझै हुन सकेको छैन ।

पञ्चायतीकालमा केन्द्रका प्रभावशाली नेता र भारदारहरूको आशीर्वाद वा कटाक्षको आधारमा यहाँका राजनैतिक नेताहरूको सफलता वा पराजय निर्भर रहन्थ्यो । स्थानीय उर्जा र क्षेत्रीय स्वार्थको प्रतिनिधित्वका आधामा कर्णालीबाट केन्द्रीय राजनीतिमा पुगेको उदाहरण सायदै भेटिएला । विडम्बना के छ भने २०४६ सालपछि स्थापना भएको बहुदलीय राज्यसत्तामा पनि न त केन्द्रको कर्णालीसँगको मूलभूत सम्वन्धमा परिवर्तन भएको छ न यहाँको राजनैतिक प्रक्रिया नै सुध्रेको छ । अहिले पनि कुनै पार्टी वा शक्तिशाली नेताको कृपा र विश्वासका आधारमा जुम्लीहरू संसद् र मन्त्रालयसम्म पुगेका छन् । उनीहरूका लागि आफ्नो क्षेत्रको स्थायी र अर्थपूर्ण प्रगतिप्रति प्रतिवद्ध हुनुको सट्टा नयाँ प्रजातान्त्रिक खोलमा पुरानै सामन्तवादी केन्द्र र प्रान्तको असमान सम्बन्धलाई निरन्तरता दिनु र केन्द्रका विभिन्न पार्टी र तिनका गुटहरूको लाइन कर्णालीमा स्थापित गर्नु नै सम्पूर्ण राजनैतिक अभ्यास भएको छ ।

सांसद र कहिलेकाहीँ एक दुईवटा मन्त्री बनिहाले पनि सरकार र पार्टीहरूमा कर्णालीको गुणात्मक उपस्थितिको अभाव यथावत् नै छ । केही पार्टीहरूले अञ्चलको कोटा पूरा गर्ने हेतुले केन्द्रीय कमिटीमा एक जना कर्णालीवासीलाई उभ्याए पनि उनीहरूको खासै तौल र नीतिगत प्रभाव देखिंदैन । कहिलेकाहीँ बन्ने मन्त्रीहरूको सामर्थ्य पनि करीब करीब उस्तै छ । यसप्रकारको अस्तित्वहीन नेतृत्व कर्णालीमा मौलाउनका लागि यहाँका टाठावाठाहरूको चरम अवसरवादी, सत्ता सापेक्ष र केन्द्रमुखी प्रवृत्ति नै जिम्मेदार छ । थोरैभन्दा थोरै व्यक्तिगत लाभको लागि पार्टी र सिद्धान्त बदल्नु यहाँका नेताहरूको सबैभन्दा ठुलो राजनीतिक सुझबुझ मानिन्छ । अर्कोतिर राज्य र केन्द्रीय नेताहरूलाई पनि कर्णालीको मौलिक हीतको प्रतिनिधित्व गर्ने नेतृत्वसँग सहयात्रा गर्नुभन्दा यस्तै परमुखी नेताहरूलाई परिचालन गर्न राजनैतिक र आर्थिक रूपले सस्तो पर्ने हुनाले यस्तै नेतृत्वले केन्दीय प्रोत्साहन पाउँदै आएको छ ।

कर्णालीका केही जिल्लाहरू माओवादी युद्धको रणभूमि हुन गए । यस प्रान्तको भौगोलिक विकटता, आर्थिक विपन्नतार राजनैतिक असन्तोष छापामार युद्धका लागि उर्वरभूमि हुन गयो । कैयौंले यहाँ ज्यान गुमाइसकेका छन् । अन्य धेरै घरवारविहीन भए । राज्य र कर्णालीको सम्बन्धमा गुणात्मक परिवर्तनको परिकल्पना गर्न नसकेसम्म यो जनयुद्ध पनि, कमसेकम कर्णालीको कोणबाट हेर्दा केन्दीय सत्ता सघर्षको अर्को संस्करण हुनेछ । त्यही ठाउँबाट  राजनीतिक बेस बसालेर आफ्नो पार्टी विस्तार गर्ने माओवादी पार्टीले पनि खासै कर्णालीको लागि गरेको देखिएन । असङ्ख्य कर्णालीवासीहरू यस युद्धमा तोपका चारा मात्र भए ।

यसप्रकार कर्णालीको दुर्दशाको प्रमुख कारण राज्यको राजनीतिक, प्रशासनिक, नीतिनिमार्ण निकाय, योजना आयोग र पार्टीहरूमा त्यस भेगको शुन्य अथवा अर्थहीन साङ्केतिक उपस्थिति नै हो । राज्य संयन्त्रमा त्यस क्षेत्रको सशक्त प्रतिनिधित्व विना राज्यको शक्ति र स्रोतलाई यस प्रान्तको विकासमा डोऱ्याउन कसरी सम्भव हुन सक्छ ? नेपाल जस्तो पिछडिएको देशमा राजनीतिक चाहना र राज्यको लगानीविना कुनै पनि क्षेत्रको विकास सम्भव देखिदैन । प्रकृतिले कुनै पनि क्षेत्र वा समाजलाई विकसित वा अविकसित घोषित गरेको हुँदैन । राजनीतिक, आर्थिक अवसरले मात्र कुनै क्षेत्रलाई विकसित वा अविकसित बनाउँछ ।

कर्णालीको कायपलटका लागि त्यहाँका वासिन्दाको चेतना बढाउनु र सांस्कृतिक रूपले बलियो बनाउनु अति आवश्यक छ । विगत दुई शताब्दीदेखिको अवहेलना र तिरस्कारले कर्णालीमा मनोवैज्ञानिक नपुंसकता र सांस्कृतिक आत्मअवमूल्यन भएको छ । आफ्नो मौलिक संस्कृति र

ऐतिहासिक सम्भावनाहरूमा फेरि विश्वास र गर्व गर्न थालेपछि मात्र यस्तो पराधीन मानसिकताको अन्त्य सम्भव हुन्छ । मुक्त र नयाँ पहिचानप्राप्त कर्णाली प्रदेशमात्र आर्थिक र राजनीतिक क्षेत्रहरूमा प्रभावपूर्ण ढङ्गबाट सहभागी बन्न सक्दछ ।

आर्थिक र राजनीतिक परिवर्तनका लागि कर्णालीमा आफ्नै विशिष्ट परिस्थिति र आवश्यकतालाई पहिचान र प्रतिनिधित्व गर्ने मौलिक नेतृत्वको निमार्ण हुनु आवश्यक छ । यस्तो नेतृत्व केन्द्रीय पार्टी र नेताहरूबाट निर्देशित र प्रयोग हुने नभई कर्णालीकै मौलिक स्वार्थ सुदृढ गर्न बहुदलीय व्यवस्थालाई प्रयोग गर्न सक्ने हुनुपर्छ । यसरी परिकल्पना गरिएको नेतृत्वले कुनै व्यक्ति, पार्टी वा समूह विशेषमा निर्भर नभई व्यापक जनस्तरको अभियान र सहमतिबाट उर्जा प्राप्त गर्दछ, यस्तो नौलो सम्भावनाको धरातल अन्त कतै नभई आन्तरिक रूपबाट सवल मनोविज्ञान र चेतनामा आधारित हुन्छ ।

यसप्रकारको पुनर्जागरण ल्याउन एउटा अभियानकारी वर्गको आवश्यकता पर्दछ, जसले पार्टीगत र जातीय स्वार्थभन्दा माथि यस क्षेत्रका लागि यहींको धरातलमा उभिएर, यहाँको चाहना, माग र आवश्यकताको पहिचान र परिष्कार गर्न सक्छ । यस्तो नेतृत्वले नै यहाँको दीर्घकालीन स्वार्थ र विषयहरू स्थापित गर्न सक्छ । यस वैकल्पिक विकास प्रयासले सामाजिक अभियानमा ठूलो महत्व राख्दछ र यसै अभियानले कर्णालीकै वस्तुस्थितिमा उभिएर यहाँको विद्यमान राजनैतिक, प्रशासनिक, सरकारी तथा गैर-सरकारी क्रियाकलाप तथा विकास कार्यक्रमको सार्वजनिक समालोचना गर्नुपर्छ । यसै अनूरूपको कार्यक्रमप्रति प्रतिवद्धता र विश्वासका आधारमा यस अभियानले कुन पार्टी वा उम्मेदवारलाई संसद वा केन्द्रमा पठाउने भन्ने सार्वजनिक अनुमोदन गर्न सक्ने स्थिति निमार्ण गर्न सके मात्र संसदीय व्यवस्थालाई कर्णालीबासीको हीतमा उपयोग गर्न सकिन्छ । जब कर्णालीका पाँचै जिल्लाबाट सङ्गठित रूपबाट टप डाउन होइन बटम अप प्रतिनिधित्व काठमाडौं पुग्नेछ तब मात्र यस क्षेत्रले राज्य सञ्चालन र राज्य स्रोतमा थोरै भए पनि राष्टको मुलधारमा सहयात्री हुने पहिलो शर्त पार गर्नेछ ।

कर्णालीको विकासका र समस्याका बारे परिचित समाजशास्त्री एवं त्रिभुवन विश्वविद्यालयका प्रध्यापक डा. शौभाग्य शाहसँग गरिएको कुराकानी :

- *कर्णालीको विकास नहुनुको कारण के होला ?*

सबैभन्दा पहिलो कारण कर्णालीको जुन पुरानो आर्थिक र राजनीतिक आधार थियो त्यो खस राज्यको पतनसँगै क्रमिक रूपले धराशाही हुँदै गयो । अर्को, कर्णालीको जुन आफ्नै उत्पादन शैली थियो त्यसलाई पश्चिमेली पूँजीवादी बजारव्यवस्थाले विस्थापित गर्‍यो । सामाजिक जीवन कायम गर्न आवश्यक पर्ने जुन चिज चाहिन्थ्यो त्यो स्थानीय स्तरमै उत्पादन हुन्थ्यो र स्थानीय रूपमै विनिमय हुन्थ्यो । तर कारखानामा बनेको वा भारतबाट भित्रिएको पुँजिवादी उत्पादनसँग स्थानीय उत्पादन, सीप, कलाले प्रतिस्पर्धा गर्न सकेनन् । अर्कोतर्फ स्थानीय उत्पादनमा ह्रास आएपछि त्यहाँको रोजगारी, सीप, अवसरहरू नष्ट भए । यसले आर्थिक रूपमा क्षति भयो । र, त्यहाँका मान्छेमा आर्थिक परनिर्भरता, दुर्वलता प्रवल भएर गयो । जसले गर्दा कर्णाली प्रदेश विकासमा पछाडि पर्‍यो ।

- *विकासको लागि के गर्नुपर्ला ?*

सर्वप्रथम त कर्णालीमा विकास गर्ने भनेर जुन मोडेल अघि सारिएको छ, त्यसको अवधारणा नै गलत छ । केही सेवा, केही सुविधाहरू प्रदान गर्ने कुरामै लक्षित छ । कर्णालीको उत्पादनलाई बढाउने र रोजगारी दिनेमा लक्षित छैन । कुनै पनि ठाउँको विकासको लागि त्यहाँको रोजगारीमा, उत्पादनमा वढवा दिनुपर्छ । राज्यले त्यतापट्टी ध्यान दिने हो भने कर्णालीमा विकास सम्भव छ ।

- *राज्यले विकासको लागि ठूलो धनराशी खर्च गर्ने गरेको छ ?*

लाखौँ करोडौँ रूपैयाँ कर्णालीमा जुन खर्च भयो भनिन्छ, यथार्थमा त्यो रकम कर्णालीमा खर्च भएको छैन । त्यो त विकासमा काम गर्ने कर्मचारीरू, परामर्शदाताहरू, सल्लाहकारहरूले नै तलब वा भत्ताका नाममा खर्च गर्छन् । यथार्थमा त्यसको ठूलो हिस्सा राजधानीमा बस्ने मान्छेले नै खर्च गर्छन् । त्यो ठूलो रकमले रोजगारी र उत्पादनको वृद्धिलाई सम्वोधन नै गरेको छैन ।

- *कर्णालीमा राजनीतिक रूपमा पछाडि पर्नुको कारण के होला ?*

कर्णालीबाट केन्द्रमा आउने जुन प्रतिनिधि छन्, तिनीहरूले सरकारमा वा राजनीतिक दलमा कत्तिको प्रभाव पार्छन् भन्ने कुराले महत्व राख्दछ । कर्णालीबाट आएका प्रतिनिधिहरूले काम नगरेको भन्न मिल्दैन, तर संरचना नै यस्तो छ कि जसले कर्णालीबाट आवश्यक मात्रामा प्रतिनिधि नै आउन सक्दैनन्, जसले गर्दा कर्णाली राजनीतिक निर्णयका आधारमा सधैँ अल्पमतमा हुन्छ । यसकारण पनि कर्णाली राजनीतिक रूपमा पछाडि परेको हो ।

- *त्यसको प्रभाव के पर्‍यो ?*

प्रतिस्पर्धात्मक राजनीति भनेको खाली चुनावमा भाग लिएर जित्नु मात्र होइन, जितेर पनि बजेट बाँडफाँड, योजना तर्जुमा आदिका बेला आफ्नो क्षेत्रलाई प्राथमिकतामा पार्न कसरत गर्नु हो । तर प्रतिनिधिहरू राजनीतिक रूपमा दुर्वल हुँदा त्यसको प्रत्यक्ष असर विकासमा पनि पर्दछ । जसको सिकार हाल कर्णाली भएको स्पष्ट देखिन्छ । काठमाडौँ जस्तो सुगम ठाउँमा ५० करोड डलरको खानेपानी योजना पारिन्छ, तर कर्णालीका गाउँमा एउटा लाख रूपैयाँको योजना पार्न पनि सकेको देखिँदैन । यो पनि राजनीतिक दूर्बलताको कारणले नै हो ।

- *कर्णालीको समग्र समस्याको समाधानको लागि के गर्नुपर्ला ?*

मैले अघि नै भने कि सर्वप्रथम समस्याको जड के हो त्यसलाई त्यहीँको बस्तुगत धरातलमा उभिएर विश्लेशण गर्नुपर्दछ । त्यसपछि विकासको मोडेल तय गर्नु पर्दछ । काठमाडौँमा बसेर कर्णालीको विकासको खाका कोरेर विकास संभव छैन । अर्कोतर्फ, कर्णालीबासीले पनि विकासको अधिकारको माग गर्नुपर्छ । जनप्रतिनिधिले दलदेखि सरकारसम्म आफ्नो बलियो हैसियत बनाउन्पर्छ । तबमात्र कर्णालीमा विकास हुन्छ ।

*शाह मुगु जिल्ला निवासी हुन् ।*

## गरीबी होइन, रोजगारी

कर्णाली र प्रकारान्तरले नेपालको चुनौति भोकमरी र गरिबी नभई सामाजिक जीवनको उत्पादनको अवसर हो । १८ औँ शताब्दीमा नेपालको एकीकरण हुनुअघि त्यस भू-भागमा थुप्रै स्थानीयस्तरका कृषिमा आधारित अर्थतन्त्रहरू थिए, जो आफूलाई आवश्यक पर्ने लुगाकपडा, जुत्ता, भाँडाकुँडा, हतियार र अन्य औजारहरू आफै उत्पादन गर्दथे । क्रमिक रूपमा भारतमा मजबुत बन्दै गएको ब्रिटिश कलकारखानाबाट निर्मित कपडा, औजार र अन्य सामानहरू भित्रिन थालेपछि नेपाली घरेलु उद्योग बाह्य आयातसँग प्रतिस्पर्धा गर्न नसकी विस्थापित हुँदै गए । यसरी स्थानीय उद्योगको आधारशिला र रोजगारी लोप हुँदै गयो । वर्तमानको सङ्कट भन्नु नै आन्तरिक सीप, उद्योग र रोजगारीको निरन्तर विस्थापन हो ।

नेपालजस्तो देशमा विश्व पूजीका असर दुई चरणमा देखा पर्दछन् । प्रारम्भमा स्थानीय उत्पादन र वितरण प्रणाली नष्ट हुन्छ भने दोस्रो चरणमा उथलपुथल पारिएका आर्थिक, सामाजिक संरचनाहरूलाई सुदृढ बन्दै गइरहेको विश्व पूँजीको आवश्यकता अनुसार संसारलाई कच्चा पदार्थ उत्पादन गर्ने क्षेत्र, श्रम आपूर्ति गर्ने प्रान्त, वस्तु बजार वा मनोरञ्जन गर्ने गन्तव्यका रूपमा निमार्ण हुन्छ ।

युरोप र अमेरिकामा केन्द्रित विश्व पूँजीले नेपालका विभिन्न वर्ग र प्रान्तलाई पनि विभिन्न कालखण्डमा आवश्यकताअनुसार आफ्नो बाहिरी संरचनामा गाँस्ने र फुकाल्ने काम गर्दछ । १८ औं शताब्दीदेखि भर्ना गर्न थालिएका ब्रिटिश गोर्खा सैनिक, आसाम र बङ्गालका चिया बगानमा गएका कामदारहरू र वर्तमानमा विकास उद्योगमा संलग्न गरिएको श्रमशक्ति विश्व पूँजीको क्रमिक विस्तार र त्यस प्रक्रियाम नेपालको संलग्नताका केही उदाहरण हुन् ।

कर्णाली प्रदेश आर्थिक रूपले पछाडिपर्नुमा राष्ट्रिय केन्द्रसँगको दुरी मात्र होइन विश्व पूँजीको सिमान्त अवसरहरूबाट बञ्चित रहनु पनि जिम्मेवार छ । भौगोलिक र सांस्कृतिक दूरीका कारण विगतदेखि नै कर्णालीवासीहरूले विदेशी सैनिक सेवा वा अन्य श्रमबजार वा हालको पर्यटन उद्योगमा उल्लेख्य रूपमा समावेश हुने अवसर पाएका छैनन् ।

## समावेशीकरणमा कर्णाली

भौगोलिक क्षेत्रका हिसाबले कर्णाली अञ्चल अहिलेसम्म राष्ट्रिय विकासको मूलधारबाट बञ्चित छ । ऐतिहासिक, भाषिक, धार्मिक, साँस्कृतिक, पर्यटकीय र प्राकृतिक रूपमा भने अत्यन्त धनी छ । मानव विकास सूचांङ्कमा सबैभन्दा पिछडिएको अञ्चलमा पर्छ । दशकौंदेखि यस अचञ्चलाई विकासको मूलधारमा ल्याउन ठूल्ठूला चर्चा गर्ने गरियो । कार्यक्रम घोषणा पनि भए, यथार्थमा अञ्चलको मुहार फेरिएन् । बरू दुर्दशा बढ्दै गयो, यसको एउटै कारण वास्तविक सामाजिक समावेशीकरणबाट बंचितीमा पर्नु हो ।

यस अञ्चलको विविधताबारे सही विश्लेषणका साथै सोही अनुरूप नीति निमार्ण, कार्यावन्यनको बलियो सञ्जाल निमार्ण गर्नु आजको आवश्यकता हो । त्यसैगरी भरपर्दो सञ्जालद्धारा अनुगमन र मुल्याङ्कन अपरिहार्य छ । अञ्चलभित्र पनि जिल्लाहरूको अवस्था विश्लेषण गरी किटान गर्नु, जिल्लाभित्र गाविस. र गाविसभित्र वडाको स्तर किटान गर्नु र सो अनुरूप कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा जानु, यी सबै प्रक्रियामा कर्णालीबासीकै अर्थपूर्ण सहभागिता रहनु कर्णालीको सन्दर्भमा सही सामाजिक समावेशीकरण हुन सक्छ ।

कर्णाली पछाडि परे पनि ५० वर्षको विकासको इतिहासमा कर्णालीबाट जुन आवाज उठेको छ, यसले त्यहाँको विकास हुन त्यति गाह्रो छैन भन्ने देखाउँछ । तर विकास हुनको लागि खण्डीकरण, एकीकरण र जनताको उर्जालाई संयोजन गर्ने राज्यको राजनीतिक प्रक्रिया हो, त्यसमा चाहिँ प्रश्न उठेको हो भन्ने जस्तो लाग्छ ।

कर्णाली क्षेत्र हालसम्म विकासप्रवाहमा पछि पारिनुको मूलभूत कारण स्थानीय स्वायत्तताको प्रश्नलाई उपेक्षा गरिनु हो । यसैले स्थानीय स्वायत्तताका विषयमा सुरक्षा, फौजदारी न्यायप्रशासन, परराष्ट र मुद्राबाहेक सबै अधिकार स्थानीय स्तरमै नीति निमार्ण र निर्णय अधिकार रहने व्यवस्था हुनु आवश्यक छ ।

एकात्मक वा संघीय जुनसुकै राज्यसंरचनाको स्वरूप राजनीतिक तहबाट स्वीकार गरिए पनि कर्णालीको विशिष्ट परिवेशलाई ध्यानमा राखेर त्यहाँको नागरिक फाँटबाट माग भरहेको विकास आयोजनाका माध्यमबाट समावेशीकरणको प्रक्रियामा समेट्नुपर्छ । यसको अर्थ अब कर्णालीलाई संरक्षकत्व प्रदान गरे पुग्छ । राजनीतिक क्षेत्रमा सन्तुलित तवरले आरक्षण गरिए पनि अन्यत्र योग्यता र क्षमताका आधारमा जनशक्ति परिचालित गर्नुपर्छ । कर्णालीमा हाल रहेको क्षमताको अन्यत्र पलायन हुने क्रमलाई रोक्न स्थानीय तहमा स्थानीयको बाहुल्यको नीति अवलम्बन गर्नुपर्छ । तवमात्र कर्णालीले विकासमा फड्को मार्न सक्दछ ।



जातीय र लैङ्गिक समानताका जतिसुकै चर्का नारा र भाषण गरिए पनि यथार्थमा भनेको सुन्दा पनि जीउ सिरिङ्ग गर्ने खालका त्यस्तै विभेद अझै कायम छ । अझै कुनै पनि महिलाको जीवनमा अत्यन्त संवेदनशील क्षणको रूपमा रहने बच्चा जन्माउने समयमा गरिने यस्तो अमानवीय व्यवहारको विश्वका कुनै पनि भागमा कल्पना गर्न गरिंदो हो ।

स्वास्थ्यका दृष्टिकोणले पनि अत्यन्त सतर्कता अपनाउनुपर्ने बच्चा जन्माउने समयमा औषधी उपचारको कुरा त परै जाओस् घरपरिवारभन्दा टाढा त्यो पनि दुर्गन्धित ठाउँमा महिलाहरूलाई छुट्टै राखिन्छ भन्ने कुरा सामान्यतः पत्याउन सकिदैन । तर, नेपालकै कर्णाली क्षेत्रका महिलाले यो अमानवीय दुर्गति अहिले पनि व्यहोरिरहनु परेको छ । सुत्केरी तथा महिनावारी हुने बेलामा महिलाहरूलाई राख्ने प्रयोजनाका लागि प्रयोग गरिने गोठ, बेग्लै घर, वा ओडारलाई छाउपडी घर भनिन्छ । महिलाहरूमाथि गरिने यस्तो अमानवीय  व्यवहारलाई छाउपडी प्रथाका नाममा स्वीकार्नेहरूमा भने अझै लज्जा वा हीनताबोधको संकेतसम्म पाइन्न ।

स्वास्थ्य क्षेत्रमा चिकित्सा विज्ञाने महत्वपूर्ण उपलब्धि हासिल गरिसके तापनि कर्णाली क्षेत्रका सुत्केरी तथा महिनाबारी भएका महिलालाई छाउपडी घरमा राख्ने प्रथा अद्यपि कायमै छ । गाउँभन्दा निकै टाढा निर्जन ठाउँमा बनाइएका छाउपडी घरमा दशौं दिनसम्म बस्नुपर्दा महिलाहरूको स्वास्थ्यमा प्रतिकुल असर पर्नुको साथै छाउपडी घरमै कतिपय बालबच्चाको मृत्यु हुने गरेको घटना यस भेकमा नौलो मानिदैन । सुत्केरी तथा महिनावारी भएका महिलालाई घरभित्र हुने अन्धविश्वासका कारण यहाँका ग्रामिण भेकमा छाउपडी घर निमार्ण गरिएका पाइन्छन् । त्यहाँ बसुन्जेलसम्म पशुतुल्य जीवन बिताउनुपर्ने र पोषणायुक्त खानेकुरा खान नहुने गलत मान्यतालाई समयअनुसार परिवर्तन गर्न नसक्दा वर्षेनी कैयौं महिलाहरूको अकाल मृत्यु हुने गर्दछ । बैतडी जिल्लाका अधिकांश ठाउँहरूमा सुत्केरीलाई गाई बस्तुको गोठमा राख्ने गरे तापनि कर्णालीमा अलग्गै छाउपडी घर निर्माण गरिएका पाइन्छन् । विगत केही वर्षदेखि छाउपडि प्रथा हटाउन माओवादी तथा गैर सरकारी निकायहरू कार्यरत रहे तापनि केही क्षेत्रबाहेक अन्यत्रका ठाउँहरूमा कुनै सुधार हुन भने अझै सकेको छैन । कतिपय गाउँबस्तीमा निकै टाढाको ओढारसँगै

छाउपडी  घर निमार्ण गरिएकाले जंगली जनावर र सर्पका डसाईबाट समेत दर्जनौ महिलाहरूको अकालमा ज्यान जाने गरेको छ ।

कर्णाली कतिपय ठाउँहरूमा सुत्केरी महिलाहरूलाई ११ दिनसम्म गोठमा र ओढारमा राख्ने गरिन्छ । आफूहरू ब्यास र ऋषिका सन्तान भएकाले पवित्र भूमिमा नछुने महिलालाई राख्न नमिल्ने भन्ने स्थानीय समाजसेवीहरूको धारणा रहेको छ ।

लैङ्गिक समानता र महिला सशक्तिकरणको आवाज उठिरहेको वर्तमान सर्न्दभमा यस्ता किसिमका कूरीतिबाट कर्णालीका एक लाख ५२ हजार एक सय महिलाले अझै यो समस्याबाट छुटकारा पाउन सकेका छैनन् । १५ दशमलव एक  प्रतिशत कर्णालीका महिला साक्षर छन् । घरबाहिर आउन नसकेका यी महिलालाई लक्षित गरी उनीहरूका विरूद्धका कुरीति हटाउनु जरूरी छ । महिलाको विकास नभई सामाजिक उत्थान नहुने भएकाले स्थानीय स्तरबाटै जागरूक हुनुपर्ने आबश्यकता टड्कारो भएको छ । समाजिक रूपान्तरण गर्न अघि बढेको संघसंस्था र व्यक्ति विशेषबाटै समेत महिलाका समस्याको विरोध नहुँदा समस्या ज्यूँका त्यूँ रहेको छ ।

यहाँको अधिकांश महिला जे आइपरे पनि आफ्नो कर्मको दोष हो भनी सन्तोष मान्ने खालका छन् । परिणाम श्रीमान्ले कुट्ने अधिकार छैन, त्यसैले त्यस्ता अन्यायविरूद्ध श्रीमान्को प्रतिवाद गर्नु पर्दछ भनी अधिकारका कुरा सिकाइए पनि श्रीमान्ले कुट्दा प्रतिवाद र अधिकारको कुरा गरे घरबाटै निकालिनु पर्ने अवस्था अझै विद्यमान छ । त्यसपछि महिलाका लागि सबै बाटा बन्द भएका छन् । यस्तो समस्या आइपरेपछि उल्टै आफूले पाप नै गरेको भावना यहाँका महिलाले बोक्ने गरेका छन् । त्यसैले यहाँका महिलाको सोचाई, व्यवहारलाई ध्यानमा राखी समस्याको सामाधान कसरी गर्न सकिन्छ, भन्ने बाटो पनि पहिल्याउनु अहिलेको आवश्यकता हो । किनकी कतिपय अवस्थामा मन बुझाएर घर ब्यवहार सम्हालेर बसेका महिलालाई अधिकारको कुरा सिकाएर आएपछि त घरबार नै विछोडिएर ती महिलाको अतिस्त्व पनि गुमेको छ । अतः महिलालाई समाजिक न्याय दिलाउने दृष्टिले कार्यान्वयनको पक्ष पनि त्यतिकै सशक्त हुनु अनिवार्य छ ।

अर्कोतिर समस्याहरूको थुप्रोभित्र रहेको छुवाछुत प्रथा हो । यसका विरूद्ध कडा कानुनको निमार्ण भइसकेको छ । त्यस्तो व्यवहार गर्नेलाई दण्ड सजायको व्यवस्था छ । तर अहिले पनि कर्णालीका ग्रामीण भेगमा दलित वर्गमाथि गरिने व्यवहारमा कुनै परिवर्तन आएको छैन । कानुन कितावमा मात्र व्यवस्था गरेर कसरी त्यो ब्यवहारमा बलियो बनाउन सकिन्छ ? देख्दा सानो लागे पनि सानो कुराबाट समस्या समाधानको थालनी नगर्ने हो, एकैचोटी ठुलो परिवर्तन ल्याउनु भनेको कल्पना गर्नु मात्रै हो ।

अन्त्यमा समावेशीको मुद्धामा सबै वर्गको प्रतिनिधित्व र सहभागिता हुनु पर्ने भनिए पनि कर्णाली भूभागभित्र बस्ने सम्पूर्ण जात, जाति जनजाति, महिला र दलित सबैको समस्या एउटै  छ । यी सबै वर्ग, समुदाय विकासको अधिकारबाट बञ्चित छन् । यस क्षेत्रका समुदायका लागि आरक्षणउन्मुख समोशीकरणको अवधारणाबाट मात्र सोचियो भने यी क्षेत्रका मानिसलाई त्यसले न्याय गर्दैन भन्ने स्पष्ट छ । यसैले समावेशीकरणमा यस्ता क्षेत्रलाई कसरी समेट्ने भन्ने प्रश्न नै यस सन्दर्भमा मूल प्रश्न बन्न पुग्दछ । कर्णालीलाई हालसम्म विकास प्रबाहमा पछि पारिनुको मूलभूत कारण स्थानीय स्वयत्तताको प्रश्नलाई उपेक्षा गरिनु हो । यसैले स्थानीय स्वायत्तताका विषयमा सुरक्षा, फौजदारी न्यायप्रशासन, परराष्ट्र र मुद्राबाहेक सबै अधिकार स्थानीय स्तरमै नीति निमार्ण र निर्णय अधिकार रहने व्यवस्था हुनु आवश्यक छ । राष्ट्रिय तहमा हुने राजनीतिक प्रशासनिक समाबेशीकरणमा कर्णालीलाई भौगोलीक वा प्रादेशिक निर्वाचनक्षेत्र र समावेशी प्राथमिकता निर्वाचनक्षेत्रमा विभक्त गर्न आवश्यक छ ।

**भौगोलीक आधारमा कर्णालीलाई राज्यले निर्णायक तहमा प्रतिनिधित्व गर्नुपर्ने र कर्णालीलाई स्वायत्तता दिनुपर्छ भन्ने माग गर्दै आएका नेपाली काँग्रेस प्रजातान्त्रिकका केन्द्रिय सदस्य, जीवनबहादुर शाहीसित गरिएको कुराकानीका अंशहरूः**

- *कर्णाली प्रदेशलाई स्वायत्तता दिनुपर्छ भन्ने माग आइरहेको छ, यसमा तपाईंको धारणा के छ ?*

यो माग कर्णालीमा मात्र होइन, विकासमा पछि परेका हरेक क्षेत्रबाट आइरहेको छ । कर्णालीजस्ता क्षेत्र हालसम्म विकासप्रवाहमा पछि पारिनुको कारण स्थानीय स्वायत्तताको प्रश्नलाई उपेक्षा गरिनु हो । त्यसैले स्थानीय स्वायत्तताका विषयमा सुरक्षा, फौजदारी न्याय प्रशासन, परराष्ट्र र मुद्राबाहेक सबै अधिकार स्थानीय स्तरमै नीति निर्माण र निर्णय अधिकार रहने व्यवस्था हुनु आवश्यक छ ।

- *स्वायत्तता दिँदैमा कर्णालीको विकास हुन्छ ?*

त्यसो होइन, कर्णालीको विशिष्ट परिवेशलाई ध्यानमा राखेर त्यहाँको नागरिक फाँटबाट माग भइरहेको विकास आयोजनाका माध्यमवाट समबन्नुपर्छ भन्ने हो । सिंहदरबारले कर्णालीलाई संरक्षकत्व प्रदान गरे पुग्छ ।

- *हालको अवस्थामा कर्णालीलाई आरक्षण दिनु कत्तिको उपयुक्त छ ?*

राष्ट्रिय तहमा कर्णालीका लागि आरक्षणउन्मुख समावेशीको अवधारणाबाट मात्र सोचियो भने यस क्षेत्रका मानिसलाई त्यसले न्याय गर्न सक्दैन । समावेशीकरणमा त्यसलाई कसरी समेट्ने भन्ने विषय नै मूल प्रश्न हो ।

- *समावेशी लोकतन्त्रको मूल सुत्र के हो ?*

राष्ट्रिय तहमा हुने राजनीतिक प्रशासनिक समावेशीकरणमा कर्णाली र कर्णाली जस्ता अन्य क्षेत्रलाई भौगलिक वा प्रादेशिक निर्वाचन क्षेत्र र समावेशी प्राथमिकता निर्वाचन क्षेत्रमा विभाजन गर्न आवश्यक छ । यसोगर्दा भौगोलिक र समावेशी प्राथमिकतालाई आधाआधा बनाउनुपर्छ । नेपालको हालको विधायिकाको अवस्थामा समेत यसरी विभाजन गर्दा कर्णालीको पोल्टाका प्रादेशिक निर्वाचन क्षेत्रबाट मात्र १५ जना सांसदहरू चुनिन्छन् । समावेशी निर्वाचन क्षेत्रबाट त अलग्गै हुन्छ । अर्को कुरा, एकातमक वा संघीय जुनसुकै राज्यसंरचनाको स्वरूप राजनीतिक तहबाट स्वीकार गरिए पनि कर्णालीको विशिष्ट परिवेशलाई ध्यानमा राखी त्यहाँको नागरिक फाँटबाट माग भइरहेको विकास आयोजनाका माध्यमबाट समावेशीकरणको प्रक्रियामा समेट्नुपर्छ ।

- *कर्णालीको विकासको प्रमुख बाधक को हो ?*

यसमा कुनै दुइ मत छैन, राज्य हो भन्नेमा । कर्णाली नेपालभित्रैको भूगोल भए पनि राज्यले विगतदेखि नै अर्कै औपनिवेशिक क्षेत्रका रूपमा व्यवहार गरेको स्पष्ट छ । हालको एकात्मक संरचनामा नेपालको सरकारलाई यहाँका बासिन्दाले केन्द्रीय सरकार भन्नु र केन्द्रबाट सधैं उपेक्षाबोध गरेबाट यो कुराको पुष्टि हुन्छ ।

- *अब कर्णालीलाई विकासको मार्गमा डोऱ्याउन के गर्नुपर्ला ?*

सर्वप्रथम त कर्णालीका बारेमा राज्यसंचालकहरूले चिन्ता लिनुपर्छ । अर्को कुरा, हालको जुन राजनीतिक संरचना छ, त्यसलाई व्यापक परिवर्तन गरेर कर्णालीलाई विकास र परिवर्तनको मूलधारमा ल्याउनुपर्छ । यसका लागि देशको मूल कानून संविधानमा नै विकासको गतिमा पछि परेका क्षेत्रलाई राजनीतिक पहुँचमा पुग्ने बाटो बनाउनुपर्छ । त्यहाँको विकासको मोडेलमा पनि परिबर्तन गर्न आवश्यक छ । यदि विशेष ढंगले कर्णालीलाई हेरिएन र जनसंख्याकै आधारमा प्रतिनिधि चयन गर्ने व्यवस्था राज्यले अवलम्बन गरेको खण्डमा कर्णाली कुनै पनि हालतमा विकासको मार्गमा डोऱ्याउन सकिन्न त्यसैले पछि परेको र भूगोलको हिसाबले विशाल कर्णालीका प्रतिनिधित्व भौगोलीक विशालताको हिसाबले गरिनु पर्दछ ।

# निष्कर्ष एवं सुझाव

वास्तवमै कर्णालीबासी सदियौँदेखि परनिर्भतापूर्ण जीवन बाँचिरहेका छन् । पर निर्भर हुने मानिस हरेक दृष्टिले कमजोर हुन्छ । अतः सर्वप्रथम त्यस्तो व्यक्ति वा समाजलाई आत्मनिर्भर बनाउनेतर्फ राज्य लाग्नु पर्दछ ।

वर्तमानमा कर्णालीलाई खाद्यान्नमा आत्मनिर्भर गराउन सरकाले आधुनिक कृषि प्रणालीको विस्तार र सिँचाइ प्रविधि पुर्‍याउनु पर्दछ । कर्णालीमा जग्गा जमीन प्रशस्तै छ । सिँचाई सुविधा हुने हो भने त्यहाँ उत्पादित अनाजले कर्णालीलाई वर्षभरिमा ढुक्कले खान पुग्दछ । वर्षेनी करोडौ रूपैयाँ खाद्यान्न ढुवानीमा खर्च गर्नुभन्दा त्यसलाई कृषि तथा सिँचाई प्रविधिमा लगाउनु दीगो समाधानको उपाय खोज्नु हो । त्यसो गर्न सकिए कर्णालीका बाँजा र उर्वराशक्ति कम भएका जमिनलाई उर्वर बनाउन सकिन्छ ।

भोकमरीको चक्रबाट कर्णाली समुदायलाई बाहिर ल्याउनु नै महान् अभियान हो । यसका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन वैज्ञानिक र कार्यान्यनको खाँचो छ । यस्ता आवधिक योजनाहरूलाई एक अर्कासँग बनाई कार्यसूची/कार्ययोजना निर्माण गरिनुपर्छ । सिलसिलेवार ढङ्गले कर्णाली भोकमरी चक्रलाई तोड्न निम्न कदमहरू चाल्न आवश्यक छ ।

भोकमरीले सिर्जेको मानवीय जटिलता र सङ्कटलाई ध्यान दिँदै नेपाल राज्य/सरकार, नागरिक समाज, निजीक्षेत्र तथा अन्तर्राष्ट्रिय समुदायसमेतले तत्काल आपत्कालीन राहतको र्काक्रम कर्णाली क्षेत्रमा लागू गर्ने र भोकमरी पीडित समुदायलाई सुलभ तरिकाले गुणस्तरीय खाद्यान्न घरदैलोमै निःशुल्क उपलब्ध गराउन व्यवस्था गर्न आवश्यक देखिएको छ ।

कर्णालीलाई खाद्य सुरक्षा प्रदान गर्न कार्यान्वयन गरिएको संयुक्त राष्ट्रसङ्घ विश्व खाद्य कार्यकमले आफ्नो परम्परागत (मोटर बाटोको सपना देखाएर कर्णालीको तिरैतिर भीर–पहराहरूमा कामका लागि खाद्यान्न कार्यकम अन्तरगत थोरै बाटो खनाएर धेरै भोक जिस्काउने र ढुवानी प्रक्रियामा भएको अवैज्ञानिक र महँगो परिपाटी) स्वरूप परिवर्तन गरी कर्णालीबासीको अधिकार/मागमुखी सिचाँई, बिजुली, कृषि तथा गैर–कृषि उत्पादनमा बढावा दिने खालका कार्यक्रमहरूमा लगानी गर्नुपर्छ ।

कर्णालीको भोकमरीलाई राष्ट्रिय मुद्दा बनाई तत्काल बहस र अध्ययन शुरू हुनुपर्छ । समुदाय, जिल्ला, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा समेत कर्णाली भोकमरी चक्रको सवाललाई थप अध्ययन/अनुसन्धान गरी तथ्यहरू पत्ता लगाउन बहुशास्त्रीय विज्ञहरू रहने संयन्त्र निर्माण गर्ने, यस्ता संन्त्रिहरू राज्य, नागरिक समाज तथा निजी क्षेत्रबाट समेत गठन हुन सक्नेछन् र आपसमा समन्वय गरी कार्य गर्नेछन् ।

भोकमरी अनुगमन र अनुसन्धान गर्ने संयन्त्रहरू बाहेक समग्र समस्यालाई व्यवस्थापन गर्न खासगरी स्थानीय, जिल्ला र केन्द्रस्तरमा पनि बेग्ला बेग्लै संयन्त्रहरू निर्माण र अनुसन्धान संयन्त्रका सिफारिशहरूलाई सहयोग र कार्यान्वयन हुनुपर्छ ।

यस्ता दुवै प्रकारका संयन्त्रहरूले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरबाट वैधता प्राप्त हुनु पर्ने छ । समुदायदेखि जिल्ला केन्द्रस्तरमा समेत नगद तथा जिन्सी/खाद्यान्न सहितको भोकमरी राहत कोष खडा गर्नु उपयुक्त हुन्छ । अन्नबाली भिचाउने समयमा राहत कोषमा अन्नको भण्डारणको व्यवस्था मिलाउने र नगद आम्दानी भएको बेला केही रकम छुट्टाएर राहत कोषमा जम्मा गर्ने परिपाटी बसाल्नु पर्छ । राहत कोषको बढावाको लागि आर्थिक सहयोग अभियान सञ्चालन गर्न पनि सकिन्छ ।

भोकमरी राहत कोषमा जम्मा भएको खाद्यान्न तथा नगद आवश्यकतानुसार सामाजिक न्यायका आधारमा भोककरी पीडित समुदायलाई वितरणको व्यवस्था गर्नु जरूरी छ ।

परम्परागत अवैज्ञानिक खाना खाने परिपाटी बदल्ने कार्यकम ल्याउने, खानाको रूपमा अन्नका साथै फलफूल, गेडगुडी, तरकारी, माछा–मासु, दूध–दही खाने अवस्थाको सिर्जना र खानका लागि उत्प्रेरणाा दिने चेतना फैलाउनु पर्छ ।

महिलाहरूको कामको बोझ घटाउनका लागि सकारात्मक वातावरणको सिर्जना गर्नु पर्छ साथै लैङ्गिक सचेतना/संवेदनायुक्त कार्यकमहरू लागू गर्ने, जनसङ्ख्या नियन्त्रण र रोजगारका अवसर सिर्जना गर्नुपर्छ ।

वैज्ञानिक बस्ती व्यवस्थापन नीति तर्जु एवं कार्यान्वयन गर्नुपर्ने हुन्छ । लघु तथा दीर्घकालीन सिंचाइ योजनाहरू सञ्चालन गर्ने र सिँचाईलाई बहुपयोगी बनाउनु पर्छ जस्तैः बिजुली, माछा पालन, मनोरञ्जन आदि ।

बाली सुधार तथा वातावरण सुधार परियोजनाहरू एवं स्थानीय स्रोत साधनको व्यापक खोजी गरी कृषि अलाजा गैर–कृषि क्षेत्रको विस्तार गर्नु आवश्यक छ । स्थनीय अर्थव्यवस्था र राष्ट्रिय अर्थव्यवस्थाको एकीकरण लागि साना, मझौला तथा सामाजिक सशक्तिकरण र पूर्वाधार विकासका कार्यक्रमहरू ल्याउनु पर्छ ।

सम्भाव्य ठाँउको खोजी गरी पर्यटन प्रवर्द्धन, कृषि र किसानहरूका लागि लगानी बढाउने, कृषि बजारीकरण र विविधकरणको प्रक्रिया अवलम्बन गर्ने, कृषिको स्रोत (जमिन) माथिको अन्यायपूर्ण स्वामित्वको खारेजी एवं न्यायका आधारमा जमिन वितरण र जमिनको खण्डीकरणलाई रोक्ने वैज्ञानिक उपायहरू अपनाउनु पर्छ ।

कर्णाली भोकमरीलाई सम्बोधन गर्ने अन्य वैज्ञानिक सत्य–तथ्य तर्क र कदमहरू हुन सक्छन् । सम्बन्धित पक्षले विषयवस्तुको संवेदनशीलतालाई बुझेर त्यस्ता कदमहरू अगाडि ल्याउँन सकिन्छ । जसबाट समस्याको बस्तुनिष्ठ विश्लेषण र समाधानको सरल बाटो पहिल्याउन सकियोस् ।

सत्यपत्र २

# कर्णालीको गरिबी र संभावना

[illegible]

सत्यपत्र

# कर्णालीको कायापलटका लागि राजमार्ग

अजय बज

*सन्दर्भ सामाग्रीहरू*


- कर्णालीको मध्यकालिन इतिहास, डा. राजाराम सुवेदी
- कर्णालीको इतिथिती, रत्नाकर देवकोटा
- हिमाल खबर पत्रीका, गोखापत्र, कान्तिपुर समचारपत्र, राजधानी, अन्नपूर्ण पोष्टमा प्रकाशित लेख
- समय साप्ताहिक ज्योती देवकोटाको लेखबाट
- इतिहास, योगी नरहरी नाथ
- कुराकानी डा. केशवमान शाक्य, डा. शौभाग्य शाहा, गोरख बहादुर बि.सी,
- समावेशी लोकतन्त्र फ्रिडम फोरम